# शिवराज राजपत्र

शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः ३० मितिः २०७९।१०।१९

**भाग - २**

शिवराज नगर सभाले बनाएको तल लेखिए बमोजिमको नीति तथा कार्ययोजना सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २२ बमोजिमको अधिकार प्रयोग गरी शिवराज नगरसभाले यो **बालविवाह अन्त्यका लागि शिवराज नगरपालिकाको रणनीति तथा कार्ययोजना, २०७९-२०८९** जारी गरेको छ ।

# बालविवाह अन्त्यका लागि शिवराज नगरपालिकाको
# रणनीति तथा कार्ययोजना, २०७९-२०८९

**नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/०९/२६**

**प्रस्तावना :**

बालविवाह बाल अधिकार हनन् हो ।नेपालले बालअधिकार संरक्षण र सम्वर्द्धनका लागि विभिन्न राष्ट्रिय र अन्तराष्ट्रिय प्रतिबद्धताहरू जनाएको छ । नेपाल बालअधिकार महासन्धिको पक्ष राष्ट्र हो । नेपालको संविधान,२०७२ को धारा ३९ ले बालबालिकाको हकलाई सुरक्षित गर्दै बालअधिकारलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ ।संविधानको धारा ३९ मा रहेको बालबालिकाको हक अन्तर्गत उपधारा ५ मा कुनै पनि बालबालिकालाई बालविवाह , गैरकानूनी ओसारपसार र अपहरण गर्न, बन्धनमा राख्न पाईने छैन भनि बालविवाहलाई पहिलो बालअधिकार हनन् को विषयको रुपमा उल्लेख गरी दण्डनीय अपराधको रुपमा स्वीकार गरेको छ । स्थानीय सरकारलाई बालअधिकारको प्रवर्द्धनका लागि नेपालको संविधान,२०७२ र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा विभिन्न जिम्मेवारीहरूको व्यवस्था गरिएको छ ।

नेपालको अन्तराष्ट्रिय प्रतिबद्धता र विद्यमान राष्ट्रिय कानून अनुसार बालविवाह एक कानुनी र सामाजिक अपराध हो । मुलुकी देवानी संहिता ऐन,२०७४ को दफा ७० को उपदफा घ मा २० वर्ष पूरा नभइ गरिएको विवाहलाई बालविवाहको रुपमा परिभाषित गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा गाउँ र नगरपालिकाको काम,कर्तव्य र अधिकार अन्तर्गत बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दाइजो, हलीयाप्रथा, छाउपडी,कमलरीप्रथा, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने जिम्मेवारी प्रदान गरेको छ । नेपाल बालविवाह हुने देशहरू मध्ये उच्च जोखिममा रहेको छ ।नेपाल सरकारले सन् २०३० सम्ममा बालविवाह अन्त्य गर्न राष्ट्रिय रणनीति बनाइ कार्यान्वयनमा समेत ल्याएको छ । यो रणनीति सफल पार्न विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरू सक्रिय रहेका छन् ।

बालविवाह अन्त्यको लागि राष्ट्रिय रणनीति,२०७२ ले अंगिकार गरेको लक्ष्य अनुसार स्थानीय तहमा बालविवाह अन्त्यको लागि यस शिवराज नगरपालिकाले पनि पहल गरी राष्ट्रिय रणनीतिका उद्देश्यहरू पूरा गर्न योगदान गर्ने साथै नगरपालिकालाई बालविवाह अन्त्य पालिका बनाई **बालविवाह अन्त्यको लागि शिवराज नगरपालिकाको रणनीति तथा कार्ययोजना,२०७९** तयार गरी लागु गरिएको छ ।

## १. पृष्ठभूमि :

लैङ्गिक हिंसाका धेरै प्रकारहरू मध्ये बालविवाह पनि एक हो ।विश्वमा हरेक वर्ष ७० करोड किशोरीहरूको १८ वर्ष नपुग्दै विवाह हुने गर्दछ, भने विश्वभर हुने बालविवाहको ५० प्रतिशत दक्षिण एशियामा मात्र हुने गरेको छ ।नेपालमा ३७% बालिकाहरूको विवाह १८ वर्ष नपुग्दै हुने गरेको छ । बालविवाह हुने मुलुकमा दक्षिण एशियामा भारत र बंगलादेश पछि नेपाल तेस्रो स्थानमा पर्दछ ।नेपाल जनसाङ्ख्यिकी तथा स्वास्थ्य सर्वेक्षण,२०१६ ले नेपालमा १५ देखि ४९ वर्षको वैवाहिक उमेरका महिलाहरू मध्ये १३ प्रतिशतको १५ वर्ष उमेरमा विवाह भएको देखिन्छ भने ५२ प्रतिशतले १८ वर्षको उमेरमा विवाह गरेको देखिन्छ । केन्द्रीय तथ्याङ्क विभागको पपुलेसन मोनोग्राफ, सन् २०१४,

भाग २ (सामाजिक जनसाङ्ख्यकी) अनुसार १० देखि १८ वर्ष उमेर समूहका बालबालिकामध्ये २६.३ प्रतिशतको विवाह भएको देखिएको छ । यसमध्ये १७ र १८ वर्ष उमेर समूहका बालबालिकाको विवाह कूल बालविवाहको ७५.६६ प्रतिशत रहेको देखिएको छ । नेपाल बहुक्षेत्रीय क्लस्टर सर्वेक्षण, २०१४ अनुसार १५ वर्षदेखि १९ वर्ष सम्मका बालिकामा गरिएको सर्वेक्षण अनुसार १८ वर्ष नपुग्दै बालविवाह गर्नेको संख्या २,७८१ (२४.५%) देखिएको छ ।

नेपालमा बालविवाहको अवस्था भौगोलिक अवस्था, बसोवास क्षेत्र, आर्थिक–सामाजिक, शैक्षिक अवस्था, जातजाति, धर्म तथा समुदायको विविधताका आधारमा फरक फरक रहेको पाईन्छ ।कपिलवस्तु जिल्ला नेपालकै सबै भन्दा बढी बालविवाह हुने जिल्ला मध्येकै एक हो । बालिका दुलही होइनन् भन्ने राष्ट्रिय सञ्जालले २०७१ मा गरेको एक अध्ययन अनुसार कपिलवस्तु जिल्लामा मात्रै विवाह गरेका २० देखि २४ वर्षका महिला मध्ये ६५ प्रतिशतको विवाह १८ वर्ष नपुग्दै हुने गरेको तथ्याङ्क छ । कपिलवस्तु जिल्लामा महिला तथा बालवालिका कार्यालयले २०७३ मा गरेको एक अध्ययन अनुसार ७४ प्रतिशत विवाह २० वर्ष नपुग्दै गरेको पाइएको छ ।

कम उमेरमा बच्चा जन्माउँदा महिलाको आर्थिक, सामाजिक तथा स्वास्थ्य र शिक्षा जस्ता सम्पूर्ण क्षेत्रमा नकारात्मक असर पर्ने देखिन्छ भने आमा र बच्चा दुवैको ज्यान खतरामा हुने गरेको, बालबालिकामा कुपोषण भई शारीरिक, मानसिक र बौद्धिक रुपमा समेत कमजोरीहरू देखा पर्दछन् ।नेपालमा प्रत्येक १,००० जना मध्ये ८८ बालबालिकाको जन्म किशोरी आमाबाट हुन्छ । २० वर्षमुनिका ३७.५% बालिकाहरूले घर वा अन्य असुरक्षित स्थानमा सुत्केरी गराउने गरेका छन् । १५ देखि १९ वर्ष सम्मका विवाह गर्ने किशोरीहरूमा १५ प्रतिशतले मात्र गर्भनिरोधको साधन प्रयोग गरेको र करिब प्रत्येक ५ जनामा १ महिलाले १९ वर्ष अगावै सन्तानलाई जन्म दिइ सकेका हुन्छन । त्यसै गरि महिला विरुद्धका धेरै हिंसाहरू मध्ये यौन हिंसा भोग्ने मध्ये ८० प्रतिशतले आफ्नो श्रीमानबाट पीडित हुने बताएका छन् भने १५ देखि ४९ वर्षका किशोरी तथा महिलाहरू मध्ये एक चौथाई अर्थात २६ प्रतिशतले शारीरिक हिंसा भोगेको उल्लेख गरेको छ ।विवाह गरेका धेरै कारणहरू मध्ये ४५.२ प्रतिशत पुरुषले घरको कामकाजमा सघाउनको लागि बिहे गरेको कुरा पनि प्रतिवेदन बाट स्पष्ट भएको छ ।२० वर्ष मुनिका गर्भवती बालिकाहरू तिन गुणा बढी मातृ मृत्युको जोखिममा हुने गरेको समेत प्रतिवेदनमा उल्लेख भएको छ ।

नेपालमा बालविवाह उन्मूलनको महत्वलाई ध्यानमा राखेर राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा धेरै प्रयासहरू भएका छन् । बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति,२०७२ ले स्पष्ट रणनैतिक कार्यदिशा प्रदान गरेको छ । हरेक रणनैतिक कार्यदिशा पूरा गर्नका लागि विशिष्ट रणनैतिक उपायहरूको व्यवस्था गरेको छ। नेपालका विभिन्न समुदाय र जिल्लाहरूमा बालविवाहका कारणहरू पनि फरक फरक भएकाले त्यसलाई सम्बोधन गर्न जिल्ला स्तरीय र सबै स्थानीय तहका आ–आफ्नै विशेषता र प्राथमिकता रहेकाले सबै स्थानीय सरकारका आ–आफ्नै रणनैतिक कार्ययोजना हुनु पर्ने अर्को महत्वपूर्ण पक्ष छ ।

त्यसैले नेपाली समाजमा समस्याको रूपमा रहेको बालविवाहलाई अन्त्य गर्न सबै सरोकारवालाहरूको सहयोगमा अन्तराष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय प्रयासहरूका साथै मुलुक भित्र प्रदेश सरकार र स्थानीय तह सम्मले परम्परागत सोच, चिन्तन, नकारात्मक विश्वास, सामाजिक मूल्य तथा मान्यता र व्यवहारमा परिवर्तन ल्याउन तथा बालविवाह अन्त्य सम्बन्धी राष्ट्रिय रणनीतिको कार्यान्वयनका लागि स्थानीय तहमा पनि स्पष्ट रणनीति र कार्ययोजना जरूरी भएको हुँदा यो **“बालविवाह अन्त्यका लागि शिवराज नगरपालिकाको रणनीति तथा कार्ययोजना, २०७९”** तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ ।

## २. अन्तराष्ट्रिय महासन्धिहरू र नेपालको प्रतिबद्धता :

नेपाल बाल अधिकार महासन्धि-१९८९, महिला माथि हुने सबै प्रकारका विभेदहरूको अन्त्य गर्ने महासन्धि- १९७९, नागरिक तथा राजनैतिक अधिकारका लागि अन्तराष्ट्रिय आलेख-१९६६, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय आलेख-१९६६, यातना विरुद्धको महासन्धि-१९८४ लगायतका मानव अधिकार सम्बन्धी महत्वपूर्ण अन्तराष्ट्रिय अभिसन्धिहरूको पक्ष राष्ट्र भएको र जनसंख्या र विकास सम्बन्धी अन्तराष्ट्रिय सम्मेलनले पारित गरेको कार्ययोजना, १९९४९ (Program of Action adopted at the International Conference on Population and Development, 1994) चौथो विश्व महिला सम्मेलनबाट पारित बेइजिङ्ग घोषणा र सम्वद्ध कार्ययोजना(Beijing Decleration and Platform for Action) तथा सन् २०१३ मा बालविवाह, कम उमेरमा हुने विवाह तथा जबरजस्ती हुने विवाह सम्बन्धी संयुक्त राष्ट्र संघीय मानव अधिकार समितिको संकल्प प्रस्ताव (Human Rights Council Resolution on Child, Early and Forced Marriage)लाई नेपाल सरकारले सह-प्रायोजन गरी बालविवाह राष्ट्रिय तहमा उन्मुलन गर्ने प्रतिबद्धता समेत जाहेर गरेको छ ।

त्यसका अतिरिक्त दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (**South Asian Association for Regional Cooperation-SAARC** ) अन्तर्गत सार्क मुलुकहरूमा “बालविवाह अन्त्यका लागि क्षेत्रीय कार्ययोजना (२०१५–२०१८)” तयार गरी राष्ट्रिय संयन्त्र मार्फत बालविवाह विरुद्धमा आफ्ना प्रयासहरू गरेको छ । उक्त रणनीति अनुकुल नेपाल सरकारले वि.स. २०७१ साल कार्तिकमा “बालविवाह अन्त्य गर्न कानूनको प्रयोग गरी जवाफदेहिता वृद्धि” विषयक सार्क स्तरीय गोष्ठी आयोजना गरी “दक्षिण एशियाबाट बालविवाह अन्त्य गर्नको लागि काठमाण्डौं घोषणापत्र” (**Kathmandu Call for Action to End Child Marriage in South Asia)**समेत पारित गरिएको थियो ।

नेपाल सन्धि ऐन, २०४७ को दफा ९(२) अनुसार नेपाल पक्ष भएको अन्तराष्ट्रिय सन्धिहरू सँग नबाझिने गरी सन्धि सम्झौताहरूको कार्यान्वयन गर्नु राज्यको दायित्व हो ।बालविवाह समानता र विकासको प्रमुख बाधकको रूपमा रहेको अवस्थालाई मध्यनजर गरि दिगो विकासका लक्ष्यहरू (२०१६-२०३०) को लक्ष्य ५.३ मा बालविवाह, कम उमेरमा हुने विवाह र जबरजस्ती विवाह देखि महिला विरुद्धका हानिकारक प्रथाहरूको अन्त्य गर्ने प्रतिबद्धता जनाएको छ ।अन्य मुलुकहरूमा जस्तै नेपालले पनि सन् २०३० सम्ममा सो लक्ष्य प्राप्त गर्ने प्रतिबद्धता जनाइ राष्ट्रिय सूचकहरू समेत तयार गरेको छ ।

यसको कार्यान्वयनको क्रममा सन् २०३० सम्ममा बालविवाहको अन्त्य गर्न नेपाल सरकारले राष्ट्रिय रणनीति २०७२ तयार गरि कार्यान्वयनमा ल्याएको छ । बालविवाह विरुद्दको अभियानलाई प्राथमिकतामा राखी लुम्बिनी प्रदेश सरकार शिक्षा तथा सामाजिक विकास मन्त्रालयले बालविवाह अन्त्यका लागि लुम्बिनी प्रदेशको रणनीति,(२०७८/७९-२०८८/८९) हालै कार्यान्वयनमा ल्याएको छ । उक्त लक्ष्य प्राप्तिको लागि कपिलवस्तु धेरै पछाडि परेको हुदाँ यस जिल्लाले पनि नेपाल सरकारले निर्माण गरेको नीतिलाई अवलम्वन गर्दै जिल्लाको रणनैतिक कार्य योजना बनाएको छ।सोही कार्य योजनालाई स्थानीय तहमा कार्यान्वयनमा ल्याउन तथा सोको स्थानीय तहमा अवलम्बन गर्नका लागि संघीय संरचना अन्तर्गत कपिलवस्तु जिल्ला शिवराज नगरपालिकाले बालबालिका विरुद्ध लक्षित हिंसा सम्बोधन गर्नुपर्ने आवश्यकता महशुस गरी स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले दिएको अधिकार क्षेत्रभित्र रही यो बालविवाह अन्त्यका लागि रणनीति तथा कार्ययोजना(२०७९-२०८९) तर्जुमा गरी लागू गरेको छ।

## ३. राष्ट्रिय नीति तथा कानूनी व्यवस्था :

**नेपालको संविधान,२०७२:** नेपालको संविधानको धारा ३९मा बालबालिकाको हकको व्यवस्था गरेको छ जसको उपधारा (५) मा कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानूनी ओसार पसार र अपहरण गर्न तथा बन्धक बनाउने विरुद्धको मौलिक हक प्रत्याभूत गरेको छ। त्यसै गरी सोही (१०) को मा उपधारा (५) विपरीतको कार्य कानून बमोजिम दण्डनीय हुने र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडक बाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक समेत सुनिश्चित गरिएको छ । त्यसैगरी नेपालको संविधानको धारा ३८ को उपधारा (३) मा महिला विरुद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै

किसिमको हिंसाजन्य कार्य वा शोषण विरुद्धको हक सुनिश्चित गरि त्यस्तो कार्यलाई दण्डनीय हुने र पीडितले कानून बमोजिम क्षतिपूर्ति पाउने हकको समेत संवैधानिक व्यवस्था गरेको छ ।

**मुलुकी अपराध संहिता,२०७४ :** २०७५ बैशाख १ गतेदेखि लागू भएको मुलुकी अपराध संहिता २०७४ को दफा १७३ मा बालविवाह गर्न नहुने उल्लेख गरी सोको उपदफा (१)मा २० वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन नहुने र उपदफा (२) मा त्यस्तो बालविवाह स्वतः बदर हुने अर्थात विवाहको मान्यता नदिने व्यवस्था गरिएको छ । सो को उपदफा (३) मा त्यस्तो कसूर गर्ने व्यक्तिलाई तिन वर्षसम्म कैद र तिस हजार रुपैयाँसम्म जरिवाना हुने गरि दण्ड सजायको व्यवस्था गरेको छ।बालविवाहलाई फौजदारी अपराधको रुपमा परिभाषा गरि कसैले कुनै महिलालाई निजको मञ्जुरी विना करणी गरेमा वा १८ वर्ष भन्दा कम उमेरको बालिकाको मञ्जुरी वा बेमञ्जुरी जुनसुकै किसिमले करणी गरेमा पनि जवरजस्ती करणी गरेको मानिने भनि उल्लेख भए बाट बालविवाह गरी यौन सम्पर्क गरेमा जवरजस्ती करणी गरेको ठहर हुने व्यवस्था गरेको छ ।

**मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ :** मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले बालविवाह सम्बन्धी कसूरलाई नेपाल सरकार वादी भई मुद्दा अनुसन्धान तथा दायर गर्ने व्यवस्था गरेको छ ।

**मुलुकी देवानी संहिता,२०७४:** २०७५ बैशाख १ गते देखि लागू भएको यस संहिताको दफा ७० मा पनि विवाह गर्न सक्ने उमेर २० वर्ष पूरा भएको हुनु पर्ने व्यवस्था गरेको छ ।

**बालबालिका सम्बन्धी ऐन,२०७५:** यस ऐनको दफा ६६ को उपदफा (२) को (ण) मा बालबालिकाको विवाह तय गर्ने, वाबालबालिका सँग विवाह गर्ने वा गराउने कार्य गरेमा बालबालिका विरूद्धको हिंसा गरेको ठहर्छ भनी व्यवस्था गरेको छ ।यस ऐनको दफा ३ ले प्रत्येक बालबालिकालाई सम्मान पूर्वक बाँच्न पाउने अधिकारको हक सुनिश्चित गरेको छ । नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले बालबालिकाको बाँच्न पाउने अधिकार र बालबालिकाको विकासको लागि बालबालिका माथि हुन सक्ने दुर्घटनाको रोकथाम, जोखिमको न्यूनीकरण लगायतका प्रतिरोधात्मक र सुरक्षा सेवाका लागि आवश्यक उपाय अवलम्बन गर्नु पर्ने समेत व्यवस्था गरेको छ ।

**बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९:** बालविवाह लाई बालवालिकाको हक अधिकार प्रयोगका लागि बाधकको रुपमा पहिचान गरेको छ।यस नीतिको रणनीति नं. ८.९ मा बालविवाह रोक्न सरकारी र विकासका साझेदार संस्थाहरूको सहकार्यमा समुदाय स्तरका संघ संस्थाहरूलाई परिचालन गर्ने, बालविवाह विरुद्धको उजुरी सक्रियताका साथ लिने र कारवाही गर्ने व्यवस्थाका साथै बालविवाह रोक्ने कार्यका लागि स्थानीय निकायलाई थप जिम्मेवारी दिइने कुरा उल्लेख गरिएको छ । यसै गरी रणनीति नं. ९.३ मा स्थानीय स्तरसम्म बालबालिकाको बेचविखन, ओसारपसार र बालविवाह विरुद्ध चेतना जागरण कार्यक्रम सञ्चालन र गाँउ स्तरमा बाल संरक्षणको विषयमा चेतना अभिवृद्धि गर्न संचार लगायत अन्य उपयुक्त माध्यमको परिचालन गरिने कुरा उल्लेख छ ।

**स्थानीय सरकार सञ्चालन ऐन,२०७४ :** ऐनको दफा १२ (२) ग को ३२मा बालबिवाह, महिला विरुद्धका हिंसा, देवकी, बेक्साबोक्सी, छुवाछुत, दाइजो (दहेज), कमैया प्रथा , हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, लैङ्गिक भेदभाव, मानव बेचबिखन, निरक्षरता जस्ता सामाजिक कुरिति र अन्धविश्वासको अन्त्य गर्ने गराउने व्यवस्था गरेको छ । जस अन्तर्गत बालविवाह विरुद्धका रणनीति, कार्य योजना तथा कार्यक्रमहरू तर्जुमा गरि प्रभावकारी कार्यान्वयन गर्नु स्थानीय सरकारको जिम्मेवारी स्पष्ट छ ।

**महिला विकास कार्यक्रम मार्गदर्शन,२०७२ :** बालविवाह बढी हुने जिल्लामा बालविवाहमा नै केन्द्रित भएर बालविवाह बिरुद्ध विभिन्न कार्यक्रम आयोजना गर्ने र बालविवाह मुक्त स्थान घोषणा गर्दै जाने कुरा उल्लेख गरेको छ ।

**बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति,२०७२:** नेपालमा बालविवाहलाई मौलिक हक विरुद्ध स्वीकार गरे पनि राष्ट्रिय कानूनले दण्डनीय अपराधको अभ्यासलाई अझै पनि पूर्ण रुपमा हटाउन सकिएको छैन । त्यसैले बालविवाह मुक्त वातावरणमा बालबालिकाको अधिकारको सुनिश्चितता गर्नका लागि सन् २०३० सम्म बालविवाह उन्मूलन गर्ने लक्ष्य सहित यो राष्ट्रिय रणनीति, २०७२ तर्जुमा गरि लागू गरेको छ ।बालविवाह अन्त्यका लागि परिवर्तनको सिद्धान्तमा आधारित रहि विभिन्न रणनीतिक उपायहरू अबलम्बन गरिने व्यवस्था पनि यस रणनीतिले गरेको छ।

**पन्ध्रौ योजना (२०७६-२०७७/२०८०-२०८१):** मा बालअधिकार सुनिश्चितताका साथै बालविवाहको रोकथाम लगायत विभिन्न प्रकारका सामाजिक दुर्व्यवहारको अन्त्य गर्ने लक्ष्य लिइएको छ ।

**मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना**: मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (२०७७/७८-२०८१/८२) मा समेत बालविवाह अन्त्य सम्बन्धी राष्ट्रिय रणनीति (२०७२) को प्रभावकारी कार्यान्वयन गर्ने विषयमा जोड दिनुका साथै विगतमा कार्यान्वयन गरिएका विभिन्न राष्ट्रिय कार्ययोजनाहरूमा पनि बालविवाह नियन्त्रणका लागि विभिन्न रणनीतिक कार्यक्रमहरू समावेश गरिएका छन्।

यसका अतिरिक्त लुम्बिनी प्रदेश सरकारको बालवालिका सम्बन्धी ऐन, २०७६ ले बालवालिकाको विवाह गर्न वा गराउन नपाइने र उक्त कार्यलाई दण्डित गर्ने व्यवस्था गरेको छ ।

अतः माथि उल्लेखित राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता र कानूनी रुपमा सुनिश्चित गरिएका बालविवाह विरुद्धको अभियानलाई सार्थक तुल्याउने उद्देश्यले शिवराज नगरपालिकाको तर्फबाट यो रणनीति तथा कार्ययोजना तर्जुमा गरिएको हो ।

## ४. वर्तमान सन्दर्भ :

भारतसँग सीमाना जोडिएका जिल्लाका स्थानीय तहहरूमा अभिभावकको सहमतिमा हुने बालविवाहको दर उच्च छ भने उत्तरी भेगका पालिकाहरूमा प्रेम विवाहका कारण हुने बालविवाहको दर उच्च छ ।

कपिलवस्तु जिल्ला नेपालको जनसंख्याको आधारमा १६ औं स्थानमा, गरिबी सूचाङ्कको आधारमा ४७ औं स्थानमा र बालविवाह प्रचलन भएको आधारमा दोस्रो स्थानमा पर्दछ । यस जिल्लामा १५ वर्ष भन्दा कम उमेरका बालबालिकाको सङ्ख्या २१८,७७४ अर्थात ३८.३ प्रतिशत रहेको छ । त्यसैगरी किशोरकिशोरीहरूको सङ्ख्या १३९,८१७ अर्थात २४.४ प्रतिशत रहेको छ ।

शान्तिका अग्रदुत गौतम बुद्धको गृह जिल्ला कपिलवस्तुको पश्चिम क्षेत्रमा अवस्थित ऐतिहासिक स्यूराज क्षेत्र तथा प्रसिद्ध धार्मिक स्थल स्थल शिवगढीका नामबाट नामाकरण गरिएको शिवराज नगरपालिका नेपाल सरकारको मिति २०७१ साल बैशाख २५को निर्णयबाट साविकका शिवपुर, वीरपुर, चनई, बिसुनपुर जवाभारी गा.वि.स. लाई समावेश गरी स्थापना गरिएको हो । नेपाल सरकारको मिति २०७३ साल फागुन २७ को निर्णयले साविकका शिवगढी, थुन्हिया र लालपुर गाभेर हालको शिवराज नगरपालिका विस्तार गरिएको हो । समुन्द्र सहतको ७०० फिट देखि १००० फिट सम्मको उचाईमा रहेको यस नगरपालिकाको क्षेत्रफल २८४.०८ वर्ग कि.मि. छ । पुर्वमा बुद्धभूमि नगरपालिका, पश्चिममा विजयनगर गाँउपालिका, उत्तरमा अर्घाखाँची र दाङ्ग जिल्ला र दक्षिणमा कृष्णनगर र महाराजगंज नगरपालिकाको सीमाना भित्र रहेको यो नगरपालिकाको जनसंख्या २०६८ को जनगणना अनुसार ६६,७८१ छ ।

हाल शिवराज नगरपालिको डिजिटल प्रोफाईल अनुसार शिवराज नगरपालिकाका ११ वटा वडामा कुल पुरुष घरमुली ११९३६ र महिला घरमुली १६२२ गरी जम्मा १३५५८ रहेका छ भने पुरुष जनसंख्या ३८१११ र महिला संख्या ३५४३६ गरी कुल जनसंख्या ७५५३७ रहेको छ । जन्मे देखि १८ वर्ष मुनीका बालकको संख्या १५२८७ र बालिकाको संख्या १४३३० गरी जम्मा बालबालिकाको संख्या २९६१७ रहेको छ । यस आर्थिक वर्ष देखि विगत तिन वर्ष भित्र बालविवाहको अवस्था हेर्दा २० वर्ष मुनीका बालविवाहको संख्या १६०७ रहेको देखिन्छ जस मध्ये बालकको संख्या १११७ र बालिका ४९० रहेको छ । वडा गत हेर्दा वडा नं.१ मा अत्याधिक २२४ जनाको, वडा नं. ९ मा २०० जना र वडा नं. ३ मा १९५को बालविवाह भएको देखिन्छ । सबै भन्दा कम वडा नं. ७ मा ३४ जना रहेको पाईन्छ ।

यस पालिकामा नागरिक समाज, गैर सरकारी संस्था तथा विकास साझेदार सँगको सहकार्य र सहयोगमा बालविवाह अन्त्यका लागि समुदाय तहमा बालक्लबको गठन, विभिन्न समुदायमा किशोरी समूह, युवा क्लवहरूको गठन र बालविवाह रोकथामको लागि समुदाय प्रहरी परिचालन, किशोर किशोरीको समग्र विकासको लागि रुपान्तरण कार्यक्रम तथा बालविवाह विरुद्द जागरुकताका कारण विगतको तुलनामा बालविवाहका घटनामा केही कमी आएको महशुस गर्न सकिन्छ । तर कतिपय समुदायमा अझै पनि बालविवाह विरुद्द उजुरी नगर्ने र बालविवाह गर्न पाउनुपर्छ भन्ने मान्यता

कायमै रहनु, बालविवाहका मुद्दालाई गाउँघरमा नै मिलाउने प्रयत्न गर्नु र भारतका अधिकांश राज्यमा विवाहको उमेर १८ बर्ष कायम हुँदा सीमा जोडिएका स्थानमा त्यस्ता विवाह रोक्ने प्रयासमा थप चुनौतिहरू देखा परेका छन् ।

यसै सन्दर्भमा यस पालिकामा पनि बालविवाह अन्त्यको रणनीति खाँचो भएको सन्दर्भमा शिवराज नगरपालिकाको आयोजना तथा सिद्धार्थ सामाजिक विकास केन्द्र र युनिसेफ नेपालको सहकार्यमा सम्पन्न कार्यशालामा पालिकाका नगर प्रमुख, उपप्रमुख सहित वडा अध्यक्ष तथा नागरिक समाजका प्रतिनिधि र किशोर किशोरीका प्रतिनिधिहरूको मस्यौदाका लागि आवश्यक राय सुझाव प्रदान गर्नु भएको थियो ।

**५. रणनीति तथा कार्ययोजनाको आवश्यकता र औचित्य :**

नेपालमा बालविवाह लाई दण्डनीय अपराध माने पनि व्यवहारिक रुपमा यसको अन्त्य हुन सकेको छैन । नेपालको संबिधानले महिला तथा बालबालिका सम्बन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । यसका साथै संबिधानतः बालबालिकालाई बालविवाह, गैरकानूनी विवाह, गैरकानूनी ओसारपसार र अपहरण वा बन्धक राख्न नपाइने र महिला विरुद्द धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने, त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितले कानून बमोजिम क्षतिपूर्ति पाउने हकको सुनिश्चितता समेत गरेको हुँदा बालविवाह अन्त्यका लागि प्राथमिकताका साथ कार्य गर्नुपर्ने भएको छ ।

बाल विवाह उन्मूलनका लागि कानुनी समस्या नभए पनि कानून कार्यान्वयमा भएका कमी कमजोरीका कारण बालविवाहको अन्त्यका प्रयासहरूले अपेक्षित सफलता प्राप्त गर्न सकेका छैनन् । देशमा संघीय संरचना अन्तर्गत तिन तहको सरकार निर्माण भएको छ । नेपाल पक्ष राष्ट्र भएका मानव अधिकार, बालअधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धिहरूको कार्यान्वयन गर्नु सबै तहका सरकारको दायित्व बनेको छ । बालविवाहले बालिकाको स्वास्थ्य रुग्णता लाई निम्त्याउँदछ, यसले सिङ्गो राष्ट्रको आर्थिक, सामाजिक, शैक्षिक तथा विकासका धेरै पक्षहरूमा नकरात्मक असर पार्दछ । यो अवस्था छउञ्जेल मुलुकको कुल उत्पादकत्व क्षमता बृद्धि हुन सक्दैन र यसको नकरात्मक प्रभाव कुल गार्हस्थ उत्पादनमा पर्न जान्छ ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक समिति, विश्वव्यापी आवधिक प्रतिबेदन, २०१५ अनुसार बालविवाह लगायत हानिकारक अभ्यास दण्डनीय बनाउने/अन्त्य गर्ने सुझाव नेपाल सरकारलाई दिएको छ । महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) कार्यान्वयनका सम्बन्धमा छैठौं राष्ट्रिय प्रतिवेदन माथि CEDAW Committee (2018) ले नेपाल सरकार लाई महिला विरुद्धका परम्परागत र हानिकारक अभ्यासहरू माथि प्रतिबन्ध लगाई पीडित लाई क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने, न्यायमा पहुँच र कानूनी सहायताको जानकारीलाई सुदृढ बनाउनु पर्ने लगायत बालविवाह उन्मूलन गर्नुपर्ने र बालविवाह बदर गर्ने कानूनी व्यवस्था ल्याउनु पर्ने समेत सुझाव दिएको छ । उपरोक्त सुझावका साथै दिगो विकास लक्ष्य अनुरुप सन् २०३० सम्ममा बालविवाह उन्मूलन गर्नका लागि नीति तथा कार्यक्रम तर्जुमा गर्नु स्थानीय तहको प्राथमिक जिम्मेवारी भएको छ ।त्यसैले बालविवाहउ न्मूलनको लागि प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नेपाल प्रहरी लगायत प्रदेश एवम् स्थानीय सरकार लगायत विकासका साझेदार संस्थाबाट प्रभावकारी नीतिगत रुपमा लाग्नु पर्ने आवश्यक रहेको छ । बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ जारी भएको छ भने यस रणनीतिले बालविवाह मुक्त स्थानीय निकायको अभियान सञ्चालन गर्ने योजना अघि सारेको छ ।

नेपालको संबिधानले अनुसूचि-७ मा पारिवारिक मामिला (विवाह समेत) सम्बन्धी नीति र कानून तर्जुमा गर्ने अधिकार संघ र प्रदेशको साझा अधिकारको सूचिमा समावेश गरेको छ (बुँदा नं ५) सोही बमोजिम संघ र लुम्बिनी प्रदेशले सोही सम्बन्धी ऐन जारी गरेका छन् भने संबिधानको अनुसूचि-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचि अन्तरगत (बुँदा नं. ११ मा व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याँक) बालविवाह लाई साझा विषयमा समावेश गरेका कारण पनि बालविवाह अन्त्यका लागि स्थानीय तहको भूमिका महत्वपूर्ण देखिन्छ । त्यसका अतिरिक्त स्थानीय

सरकार सञ्चालन ऐन तथा अन्य कानूनले समेत बालविवाह अन्त्यको अभियानमा स्थानीय सरकारको भूमिका महत्वपूर्ण देखिन्छ ।

यस सम्बन्धमा शिवराज नगरपालिकाले महत्वका साथ यो बालविवाह अन्त्यको रणनीति तथा कार्ययोजना कार्यान्वयनमा ल्याएको हो । यो रणनीति तथा कार्ययोजनाको आवश्यकता र औचित्य बारे परिवर्तनको सिद्धान्तका आधारमा देहाय बमोजिम उल्लेख गरिएको छ ।

<table>
<tr><td colspan="3">परिवर्तनको सिद्धान्त</td></tr>
<tr><td>विद्यमान अवस्था</td><td colspan="2">शिवराज नगरपालिकामा बालविवाहको समस्या विद्यमान रहेको र यसबाट बालिका किशोरीहरू तथा महिलाहरु अत्यधिक मात्रामा प्रभावित हुने गरेको ।</td></tr>
<tr><td>कारण</td><td colspan="2">गतल किसिमका सामाजिक मुल्य मान्यता, पितृ सत्तामा आधारित महिला तथा बालिका माथि हुने भेदभाव, हिंसा, कमजोर परिवार संरक्षण प्रणाली तथा कानूनको कमजोर कार्यान्वयन, महिला तथा बालिकाको सशक्तिकरणका लागि सरकारको अप्रयाप्त लगानीका साथै बालविवाह अन्त्य सम्बन्धी एकीकृत कार्यक्रमको अभाव, राजनैतिक दाउपेच आदी ।</td></tr>
<tr><td colspan="3">परिवर्तनका लागि रणनीति</td></tr>
<tr><td>बालविवाह लाई बढावा दिने हानिकारक सामाजिक मूल्य मान्यता, परम्परा, अभ्यास परिवर्तनका लागि जनचेतना</td><td>पारिवारिक संरक्षण बलियो बनाउने सुरक्षा नीति तथा कार्यक्रम</td><td>महिला, बालबालिका तथा किशोरीहरूको सशसक्तिकरणमा लगानी</td></tr>
<tr><td>महिला तथा किशोरीका लागि स्वरोजगार, आयमूलक तथा गैर पारस्परिक व्यवसायमा लगानी</td><td>बालविवाह विरुद्द कानूनी अधिकार, सेवा सुरक्षा तथा न्यायमा पुहँचको सुनिश्चितता</td><td>सरकार, विकास साझेदार, नीजि क्षेत्र, संघ संस्था, विद्यालय, धर्म गुरु तथा महिला तथा बाल एवं किशोरी समूहसँग कार्यगत एकता र अनुगमन</td></tr>
<tr><td colspan="2">नतिजाः बालविवाह मुक्त शिवराज नगरपालिका</td><td>प्रभावः बालबालिका हरूको आत्म सम्मान पूर्ण जीवन बाँच्न पाउने अधिकारको सुनिश्चितता</td></tr>
<tr><td colspan="3">परिवर्तन : शिवराज नगरपालिका बालबालिकाको अधिकारको पूर्ण उपयोग गर्न सक्ने बालविवाह अन्त्य भएको आर्थिक, सामाजिक,सांस्कृतिक तथा राजनीतिक दृष्टिकोणले नमूना नगरपालिकाको रुपमा परिवर्तन हुनेछ ।</td></tr>
</table>

**६. रणनीति तथा कार्ययोजना तर्जुमा प्रक्रिया :**

बालविवाह अन्त्यको रणनीति तथा कार्ययोजना तर्जुमाका लागि बालविवाह अन्त्य सम्बन्धी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनी दस्तावेजको अध्ययनका साथै यस पालिकामा क्रियाशील सामाजिक संस्था सिद्धार्थ सामाजिक विकास केन्द्र कपिलवस्तु र युनीसेफ नेपालको आर्थिक तथा प्राविधीक सहयोगमा प्रारम्भिक मस्यौदा तयार भई त्यस पश्चात विभिन्न चरणमा कार्यपालिकाका सदस्य र पदाधिकारीहरू बीच भएको छलफल र परामर्शमा आएका सुझावहरूलाई समेटी यो रणनीति तथा कार्य योजना निर्माण भएको हो ।यसलाई आवश्यकता अनुसार परिमार्जन गरिने लक्ष्य राखिएको छ ।

यस बालविवाह रणनीति योजनालाई अन्तिम रूप प्रदान गर्नको लागि वृहत छलफल र परामर्शका लागि नगरपालिकाले त्यस पालिकामा क्रियाशील सामाजिक संघ संस्था, नागरिक समाज र राजनीतिक दलका प्रतिनिधि, धर्मगुरुहरू, शिक्षकशिक्षिका, बालक्लव, किशोरी क्लव लगायतको सुझाव लिएर निम्न अनुसारका विधि तथा प्रक्रियाहरू अवलम्वन गरिएको थियो ।

क) जानकार व्यक्तिसगँ कार्यशाला

ख) लक्षित समूह छलफल

ग)जानकारी व्यक्ति सँग अन्तर्वार्ता (राजनीतिक दलका प्रतिनिधि, धर्मगुरुहरू, शिक्षकशिक्षिका, बालक्लब, किशोरी क्लब)

घ)आधारभूत सूचना संकलन (चेक लिस्टको आधारमा)

ङ) दस्तावेज नीति तथा कानूनको अध्ययन

**७. रणनीति तथा कार्ययोजनाका सिद्धान्तहरू :** देहायका सिद्धान्तका आधारमा यस बालविवाह अन्त्य सम्बन्धी कार्ययोजना निर्माण गरिएको छ :

(१) **विभेदः** यो रणनीति तथा कार्ययोजना कार्यान्वयनको सिलसिलामा बालबालिका माथि जातजाति, लिङ्ग, वर्ण, आर्थिक, सामाजिक, शारीरिक स्थिति वा भौगोलिक अवस्थितिका आधारमा भेदभाव गरिने छैन ।

(२) **बालबालिकाको सर्बोत्तम हित:** यो रणनीति तथा कार्ययोजनाले बालविवाह अन्त्य गर्ने सवालहरूमा बालबालिकाको सर्वोत्तम हितलाई सर्वोपरी राखिएको छ ।

(३) **सारभूत समानताः** यो रणनीति तथा कार्ययोजनाले लैङ्गिकताका सवालमा परिणाममा समानताको सिद्धान्त लाई आत्मसात गरेको छ ।

(४) **समताः** यस रणनीति तथा कार्य योजनाले असमान व्यक्तिहरू बीच समता कायम गर्न सकारात्मक विभेद व्यवहार गर्नुपर्ने सिद्धान्तलाई स्वीकार गर्दछ ।

(५) **कोहि पछाडि नछुटुन्ः** यस रणनीति तथा कार्ययोजनाले दिगो विकास लक्ष्य अनुसार कोही पनि पछाडि नछुटुन् भन्ने अवधारणा लाई अपनाएको छ ।

(६) **कसैलाई हानि नपुऱ्याउने:** यस रणनीति तथा कार्ययोजनाले कसैलाई पनि हानि वा क्षति नपुर्याउने सिद्धान्त लिएको छ ।

(७) **शून्य सहनशीलताः** यो रणनीति तथा कार्ययोजनाको कार्यान्वयनको सिलसिलामा बालविवाहका घटनाहरूमा शून्य सहनशीलताको सिद्धान्त लाई अङ्गिकार गरेको छ ।

(८) **गोपनीयताको अधिकारः** यो रणनीति तथा कार्ययोजनाले लैङ्गिक हिंसा र बाल विवाहबाट प्रभावितहरूको गोपनीयताको अधिकारलाई सुनिश्चत गरेको छ ।

(९) **पुरुष तथा बालकहरूको सहभागिताः** यो रणनीति तथा कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि पुरुष तथा बालकहरूको सक्रिय सहभागिता अपरिहार्य छ भन्ने मान्यता राख्दछ ।

(१०) **संरक्षण (Protection):** यो रणनीति तथा कार्ययोजनाले बाल विवाह बाट प्रभावितहरूको संरक्षण उच्च प्राथमिकतामा राखेको छ ।

(११) **न्यायमा पहुँच तथा द्रुत न्यायः** यो रणनीति तथा कार्ययोजनाले बाल विवाहबाट प्रभावितहरूका लागि द्रूत न्यायमा पहुँचको सिद्धान्तलाई अङ्गिकार गरेको छ ।

(१२) **साझेदारिता र सहकार्यः** यो रणनीति तथा कार्ययोजनाको सफल र प्रभावकारी कार्यान्वयनमा मुख्य सरोकारवालाहरूको समन्वय, साझेदारिता र सहकार्यलाई प्राथमिकता राखिएको छ ।

(१३) **परिवर्तनको सोचः** यो रणनीति तथा कार्ययोजना परिवर्तन सम्भव छ र आफैले गर्न सकिन्छ भन्ने सिद्धान्त बाट निर्देशित छ ।

**८. दूरदृष्टिः**

बालविवाह अन्त्य भएको खुसी, सुखी र समृद्ध शिवराज ।

**९. ध्येय :**

बालविवाह उन्मूलनका लागि सोच,व्यवहार,नीति तथा संरचनागत सुधार गरि बालबालिकाको आत्मसम्मान पूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चितता गर्ने ।

**१०.लक्ष्यः**

शिवराज नगरपालिका आगामी १०वर्ष(२०७९-२०८९) भित्र बालविवाह मुक्त नगरपालिका बनाउने ।

**११.उद्देश्यहरू :**

१. शिवराज नगरपालिकाका सबै वडाहरूलाई बालविवाह मुक्त क्षेत्र बनाउन विभिन्न निरोधात्मक उपायहरू अपनाउने ।

२. बालविवाहको जोखिम भएका र बालविवाहका पीडित बालबालिकाहरू लाई संरक्षण गरी अत्यावश्यक सेवा सुविधाहरूको व्यवस्था गर्ने ।

३. बाल विवाहबाट प्रभावितहरूलाई न्यायमा पहुँचको सुनिश्चितता र कानुनी उपचारका साथै पीडकहरूलाई कानूनी कारवाही गरी दण्डहीनताको अन्त्य गर्ने ।

४. बालविवाह उन्मूलनका लागि नेतृत्वदायी र समन्वयात्मक भूमिका एवम् प्रभावकारी अनुगमनका लागि शिवराज नगरपालिका संस्थागत क्षमता विकासका साथै अन्य मुख्य सरोकारवालाहरूको क्षमता विकास गर्ने ।

५. शिवराज नगरपालिका क्षेत्रमा दश वर्ष भित्र बालविवाह उन्मूलन गर्नका लागि कार्ययोजना बनाई लागू गर्ने ।

**१२. रणनीति तथा कार्यनीतिहरू :**

**उद्देश्य १ :** बालिका तथा किशोरीको सशक्तिकरण गर्ने :

**रणनीति १.१:** औपचारिक, अनौपचारिक रुपमा विद्यालय, बालक्लव तथा सामाजिक गतिविधिका माध्यमबाट विवाहको कानुनी उमेर, बालविवाहको नकारात्मक असरहरू बारे विद्यार्थी, आमाबाबु र परिवारका अन्य सदस्यहरू सँग छलफल गरी विवाहको लागि अधिकारको रुपमा स्व-निर्णय गर्ने क्षमता विकास गर्ने ।

**नगरपालिकाका सबै वडाका विभिन्न समुदाय हरूमा विद्यमान बालविवाह, बालविवाहका कारक तत्वहरू, परिणाम र समाधानका उपायहरू बारे सर्वेक्षण गरी प्रतिवेदन सार्वजनिक गर्ने,**

- बालविवाह बारे नगरपालिका र वडा स्तरीय तथ्याङ्क संकलन तथा अद्यावधिक राख्ने,
- बालविवाहबाट महिलाहरूको व्यक्तिगत विकासका साथै राज्यमा पर्ने सामाजिक तथा आर्थिक व्ययभार बारे अध्ययन विश्लेषण गरी समाजमा सु-सूचित गराउने ।

**<u>रणनीति १.२: बालविवाह अत्याधिक भएका समुदाय हरूमा वडा कार्यालयहरूको अगुवाईमा निगरानी समूहहरू गठन गरि परिचालन गर्ने ।</u>**

- महिला तथा बालिका उपर हुने हिंसा अन्त्यका लागि पुरुषको सहभागिता रणनीति, २०७५ बारे मुख्य सरोकारवालाहरूको क्षमता अभिबृद्धि गर्ने,
- वडाहरूमा प्रहरी, विद्यालय, बालक्लव, किशोरकिशोरी समूह, यौनिक अल्पसंख्यक र धर्मगुरुहरूको सहभागितामा निगरानी समूह गठन गर्ने बालविवाह विरुद्धको अभियान तथा चेतना मूलक कार्यक्रमहरू सञ्चालन गर्ने,
- बालविवाह अन्त्यको अभियानमा लागेका पुरुष तथा किशोरहरूलाई विभिन्न समूह हरूमा आवद्ध गराई हिमायती (Champion) का रुपमा प्रत्येक वर्ष सम्मान गर्ने ।

**<u>रणनीति १.३: बालविवाह प्रोत्साहन गर्ने हानिकारक सामाजिक मूल्य मान्यता र अभ्यासहरू परिवर्तनका लागि नगरपालिका बाट विभिन्न नीति तथा कार्ययोजना तर्जुमा गर्ने ।</u>**

- लैङ्गिक समानता नीति तथा कार्ययोजना निमार्ण गर्ने,
- घरपरिवार लगायत समाजले बालिका तथा किशोरीहरूले लैङ्गिकताको आधारमा भोग्न परेका भेदभाव, आर्थिक असमानता, यौन शोषण तथा दूर्व्यवहार विरुद्ध आधारभूत मापदण्ड सहितको विशेष नीति तथा कार्यक्रमहरू बनाई लागू गर्ने,
- विपद तथा महामारीको समयमा बालिका तथा किशोरी (दलित, अपाङ्गता, जनजाति तथा विभिन्न कारणले पछाडि परेका)माथि हुन सक्ने हिंसा तथा जोखिम न्यूनिकरणका उपायहरूबारे बालबालिका उत्तरदायी विपद् व्यवस्थापन नीति तथा कार्यक्रमहरू बनाउने।

**<u>रणनीति १.४ : बालविवाह अन्त्य गर्न पारिवारिक संरक्षण प्रणालीको विकास गर्ने</u>**

- घरपरिवारमा बालबालिका तथा किशोर किशोरीहरू माथि गर्ने भेदभाव र विभेद पूर्ण कार्य विभाजनमा परिवर्तन समानतामा आधारित परिवारको संरचना बनाउन सहयोग गर्ने,
- "**हामी सबैको प्रतिबद्धता बालविवाह मुक्त शिवराज नगरपालिका** "नामक अभियानमा परिवारका अभिभावकहरू सँग समन्वय गरि अभियान सञ्चालनको लागि आवश्यक बजेट व्यवस्थापन गर्ने,
- आर्थिक रुपमा विपन्न परिवारका बालिकाहरू लाई शिक्षा तथा न्यायमा पहुँच सुनिश्चितता गर्ने,
- बालविवाह गरिदिने परिवारहरूको विवरण राखी कानूनी कारवाहिको लागि आवश्यक पहल गर्ने

**उद्देश्य २ : बालविवाह बाट प्रभावितहरूको संरक्षण गर्ने :**

**<u>रणनीति २.१ : लैङ्गिक हिंसाबाट प्रभावितहरूको सुरक्षा र संरक्षण सुनिश्चत गर्ने ।</u>**

- बालविवाह बाट प्रभावित बालिकाहरूलाई परिवारले स्वीकार नगरेको अवस्थामा सहयोग तथा पुनस्थापनाको लागि सहयोग गर्ने र यस सम्बन्धमा कार्यरत विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरू सँग सहकार्य गर्ने,
- महिला हिंसाबाट प्रभावितहरूको पुनस्थापनामा कार्यरत विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूको कार्यक्रम, संस्थागत क्षमता सहितको अद्यावधिक विवरण संकलन गरी प्रभावकारी मूल्याङ्कन गर्ने।
- बालविवाह बाट प्रभावितहरुको लागि मनोसामाजिक परामर्शदाता, स्वास्थ्य सेवा प्रदायक तथा कानूनी सहायताका लागि स्थापित संयन्त्रमा उपलब्ध जनशक्तिको लगत अद्यावधिक गरी अपुग भएको क्षेत्रमा विशेषज्ञ/प्राविधिक जनशक्ति तयार गरी परिचालन गर्न सहयोग गर्ने ।

**<u>रणनीति २.२ : संरक्षण गृहको गुणस्तरीय सेवा प्रवाहको सुनिश्चितता गर्ने ।</u>**

- विगतमा नेपाल सरकार अन्तर्गत सञ्चालित सेवा केन्द्र तथा बालसंरक्षण केन्द्रहरू लाई नगरपालिका अन्तर्गत सञ्चालन गर्ने गरी कार्यविधि र मापदण्डहरू बनाई लागू गर्ने,
- सञ्चालित सेवा केन्द्र तथा बालसंरक्षण केन्द्र हरूमा उपलब्ध सेवा सुविधाहरू न्यूनतम मापदण्ड अनुसार भए नभएको बारे नियमित अनुगमन गरी प्रभावकारिताको सुनिश्चितता गर्ने,
- नगरपालिका क्षेत्रभित्र सरकारी र गैरसरकारी क्षेत्रबाट सञ्चालित संरक्षण गृहहरूलाई एकीकृत सेवा प्रणाली अन्तर्गत व्यवस्थापन गर्ने,
- संघ तथा लुम्बिनी प्रदेश सरकार सँगको समन्वयमा बाल संरक्षण केन्द्रको स्थापनाका लागि आवश्यक समन्वय र सहजिकरण गर्ने, केन्द्र सञ्चालनका लागि सामाजिक संघ संस्थालाई सहयोग गर्ने ।

**<u>रणनीति२.३: बालविवाह प्रभावितहरूलाई समाज तथा परिवारमा पुनःएकीकरणको लागि बालमैत्री वातावरणको निर्माण गर्ने।</u>**

- तत्काल परिवारबाट स्वीकार नगरेका बालविवाह प्रभावितहरूको आत्मबल बृद्धिको लागि मनोसामाजिक परामर्शका साथै जीवन उपयोगी शिक्षा र सीप दिई पारिवारिक/सामाजिक पुनःएकीकरण गर्ने,
- परिवारमा निरन्तर भेटघाट र अनुगमन गरी प्रभावितहरू प्रति गर्नुपर्ने व्यवहार तथा सहयोग बारे परिवारका सदस्यहरूलाई आवश्यकता अनुसार जनचेतना र परामर्श गर्ने,
- बाल विवाहबाट प्रभावितहरूलाई उनीहरूको योग्यता र क्षमता अनुसार विशेष शिक्षा तथा सिप विकासमा अभिवृद्धी गर्ने ।

**उद्देश्य ३ : कानूनी उपचार सँग सम्बन्धित नीति तथा रणनीति :**

**<u>रणनीति ३.१: बालविवाह विरुद्धको उजुरी संयन्त्र लाई प्रभावकारी बनाउने ।</u>**

- जिल्ला प्रहरी कार्यालय सँग समन्वय गरी बालविवाह विरुद्ध सरल र सहज ढङ्गबाट उजुरी दर्ता गर्ने र सम्बोधन गर्ने प्रणालीको विकास गर्ने,
- जिल्ला प्रहरी कार्यालयको सेवा केन्द्र तथा जेष्ठ नागरीक र पालिका अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रको क्षमता (स्रोत र प्रविधि)विकास गर्ने,
- बालविवाहका घटनाहरूमा स्वतःस्फुर्त (suo moto) कारबाही प्रकृया अवलम्बन गर्नका लागि प्रहरी कार्यालय सँग समन्वय गर्ने,

**<u>रणनीति ३.२ : निःशुल्क कानूनी सहायताका लागि समन्वयात्मक भूमिका निर्वाह गर्ने ।</u>**

- प्रभावितहरूको लागि निःशुल्क कानूनी सहायताको व्यवस्था गर्ने,
- निःशुल्क कानुनी सेवा प्रदान गरीरहेका संघ, संस्था तथा कानून व्यावसायीहरूको विवरण अद्यावधिक गर्ने,
- प्रभावितहरूलाई प्रभावकारी निःशुल्क कानूनी सहायताको व्यवस्था गर्न सरोकारवालाहरूको क्षमता अभिवृद्धि र सहकार्य गर्ने,
- सिफारीस तथा प्रेषण प्रणालीको स्थापना गरी पिडित तथा प्रभावितहरुको न्याय लगाएत अन्य सेवामा पहुँच वढाउने ।

**<u>रणनीति ३.३: प्रभावितहरूको कानूनी अधिकार बारे सूचनाको हक सुनिश्चित गर्ने ।</u>**

- बाल विवाहबाट प्रभावितहरूको कानूनी अधिकार बारे जनचेतना जगाउने,

- प्रभावितहरूको कानुनी अधिकार उल्लंघन भएमा कहाँ कसरी उजुरी गर्न सकिन्छ भन्ने प्रक्रियाबारे सूचनाको हक सम्बन्धी क्षमता अभिबृद्धि गर्ने,
- प्रभावित तथा सरोकारवालाहरू लाई प्रभावितहरूको जीवनमा रुपान्तर गर्न सहयोगी हुने गरी Champion बनाउन प्रशिक्षण दिई परिचालन गर्ने ।

**उद्देश्य ४ : क्षमता विकास तथा अनुगमन गर्ने :**

**रणनीति ४.१: बालविवाह उन्मूलनका लागि नगरपालिका र वडा कार्यालय हरूका साथै सबै सरोकारवाला हरूको क्षमता विकास गर्ने ।**

- बालविवाह अन्त्यको अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नगरपालिका र वडा कार्यालयहरूको क्षमता अभिबृद्धि गर्ने योजना बनाई पर्याप्त मानवीय तथा अन्य स्रोत व्यवस्थापन गर्ने,
- नगरपालिका, सबै वडाका जनप्रतिनिधिहरू, कर्मचारीहरू तथा मुख्य सरोकारवालाहरू लाई लैङ्गिक समानता, लैङ्गिक हिंसा विरुद्धका कानुनी व्यवस्था, लैङ्गिक उत्तरदायी बजेट, लैङ्गिक परीक्षण, दीगो विकास लक्ष्य, महिला अधिकार र बालअधिकार लगायत मानव अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय कानून र नेपालको प्रतिबद्धता र स्थानीय सरकारको जिम्मेवारी बारे क्षमता विकास गर्ने ।

**रणनीति ४.२ : बालविवाह अन्त्य कोष स्थापना गर्ने ।**

- बालविवाह विरुद्ध विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न र प्रभावितहरू लाई सहायता पुर्याउन बालविवाह उन्मूलन कोष स्थापना गर्ने,
- बालविवाह अन्त्य कोषमा रकम संकलन र कोष परिचालनलाई मार्गदर्शन हुने गरी कोष सञ्चालन कार्यविधि निर्माण गर्ने ।

**उद्देश्य ५: बालविवाह अन्त्य सम्बन्धी कार्ययोजना तयार गरी लागु गर्ने :**

रणनीति ५.१: शिवराज नगरपालिका क्षेत्रमा बालविवाह हुनै नदिने र दश वर्ष भित्र बालविवाह पूर्ण रुपमा अन्त्य गर्नका लागि बालविवाह निरोध, बालविवाहको अग्रिम हस्तक्षेप, बालविवाहको घटना व्यवस्थापन तथा अनुगमन तथा मुल्यांकन सम्बन्धी छुट्टै कार्ययोजना बनाई लागू गर्ने ।

# १३. बालविवाह अन्त्यको कार्ययोजना,२०७९-२०८९

**उद्देश्य : शिवराज नगरपालिका क्षेत्रमा दश वर्ष भित्र बालविवाह अन्त्य गर्ने**

## १.निषेध(Prevention)

| क्र.सं. | रणनीति | कार्यक्रम/क्रियाकलाप | प्रमुख जिम्मेवारी | सहयोगी | समय सीमा | प्रगतिको सूचाँक | |
|---|---|---|---|---|---|---|---|
| १.१ | बालविवाहको अवस्था बारे नगरपालिका र वडा स्तरीय तथ्याङ्क अद्यावधिक गर्ने । | १.१.१ बालविवाहका कारण र त्यसबाट पारिवारिक तथा स्थानीय सरकारमा पुर्‍याउने सामाजिक, आर्थिक एवम् स्वास्थ्य स्थिति सम्बन्धी असरहरू बारे अध्ययन विश्लेषण गर्ने, | • नगरपालिका | • गै.स.स.हरू<br>• विकास साझेदारहरू | १ वर्ष | • नगरपालिका स्तरीय र<br>• वडा स्तरीय अध्ययन प्रतिवेदन | |
| | | १.१.२ बालविवाह अन्त्यको अवस्थाबारे प्रत्येक तिन वर्षमा वडास्तरमा अध्ययन अनुसन्धान गरी तथ्याङ्क अद्यावधिक राख्ने, | • वडा कार्यालयहरू | • नगरपालिका<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | तेस्रो वर्ष | • बालबिवाहको अवस्था बारे तथ्याङ्क | |
| | | १.१.३ अध्ययन प्रतिवेदन बारे सबै समुदायमा सुसूचित गराउने, | | | निरन्तर | • मिडिया रिपोर्टिङ्ग<br>• वेबसाइट | |
| १.२ | बलविवाह लाई प्रोत्साहन गर्ने हानिकारक परम्परागत मूल्यमान्यता र व्यवहार विरुद्ध सरोकारवाला हरूको समन्वय र साझेदारितामा अभियानहरू सञ्चालन गर्ने । | १.२.१वडाहरूमा प्रहरी, विद्यालय, बालक्लब, किशोरकिशोरी समूह, यौनिक अल्पसंख्यक र धर्मगुरुहरूको सहभागिताम ानिगरानी समूह गठन गर्ने र बालविवाहलाई प्रोत्साहन गर्ने, हानिकारक परम्परा, मूल्यमान्यता र व्यवहार विरुद्धको सामाजिक अभियानमा परिचालन गर्ने, | | | ३ महिना भित्र थालनी गरी निरन्तरता दिने | • प्रत्येक वडामा तिन महिनामा एक पटक सचेतना कार्यक्रम | |
| | | १.२.२ बालविवाह अन्त्यको अभियानमा लागेका पुरुष तथा किशोरहरूलाई विभिन्न समूहहरूमा आवद्ध गराई **<u>"हामी सबैको प्रतिबद्धता बालविवाह मुक्त शिवराज नगरपालिका"</u>**अभियानको (Champion) का रुपमा परिचालन गरि प्रत्येक वर्ष सम्मान गर्ने । | • नगरपालिका | • राजनीतिक दलहरू<br>• सञ्चार क्षेत्र<br>• निजीक्षेत्र<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | | • बालविवाह विरुद्ध सबैको साझा प्रतिवद्धता दस्तावेज<br>• अभियानहरू सञ्चालन गर्ने बारे निर्णय र परिपत्र<br>• अभियानको हिमायतीको अभिलेख<br>• वडाको प्रगति प्रतिवेदन | |
| | | १.२.३ बालविवाह निषेध सम्बन्धी कानूनी | • नगरपालिका | • नेपाल वार जिल्ला | तिनमहिना | • बालविवाह निषेध सम्बन्धी | |

**उद्देश्य : शिवराज नगरपालिका क्षेत्रमा दश वर्ष भित्र बालविवाह अन्त्य गर्ने**

## १.निषेध(Prevention)

| क्र.सं. | रणनीति | कार्यक्रम/क्रियाकलाप | प्रमुख जिम्मेवारी | सहयोगी | समय सीमा | प्रगतिको सूचाँक | |
|---|---|---|---|---|---|---|---|
| | | प्रावधानहरूको बारेमा ज्ञानवर्द्धक सूचना सामग्री निर्माण गरी व्यापक प्रचारप्रसार गर्ने, | | इकाई<br>• निजीक्षेत्र<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | भत्र | कानूनी प्रावधानहरूको सूचना सामग्री | |
| | | १.२.४ बालविवाहका कारण महिला तथा बालिकाहरूको यौन तथा प्रजनन स्वास्थ्यमा पर्ने नकरात्मक प्रभाव र नगरपालिका र परिवारमा पार्ने आर्थिक व्ययभार बारे अध्ययन गरि अध्ययन प्रतिवेदन सूचना सामग्रीको रुपमा प्रकाशन गरि प्रचार प्रसार गर्ने, | | • स्वास्थ्य शाखा<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | | • सामाजिक तथा आर्थिक व्ययभार पुनरावलोकन ।<br>• बलविवाह बाट पर्ने नकारात्मक आर्थिक सामाजिक प्रभाव बारे जानकारीमूलक लिफ्लेट, क्यालेण्डर, पोष्टर, पम्प्लेट आदि | |
| | | १.२.५ बालविवाहका नकारात्मक असरहरू र कानुनी उपचार तथा उजुरीको बारेमा मेला, पर्व तथा सिनेमा प्रदर्शनी, सडक नाटक प्रर्दशन गर्ने, | | • गै.स.स.हरू<br>• विकास<br>• प्रहरी साझेदारहरू<br>• जिल्ला बार इकाई | निरन्तर | • बालविवाह विरुद्ध सिनेमा, भिडियो, सडक नाटकको प्रदर्शनी र सामग्री | |
| | | १.२.६ बालविवाह अन्त्य सम्बन्धमा दिगो विकास लक्ष्य र सो विषयमा नेपालले तयार पारेको सूचाङ्क, CEDAW, CRC, UPR, ICESCR सम्बन्धी सरकारी प्रतिवेदन उपर नेपाल सरकारलाई दिएको सुझावहरू र दिगो विकास लक्ष्य अनुरुप स्थानीय सरकारको जिम्मेवारी विषयक प्रशिक्षण दिने, | | | ६ महिना | • प्रमुख व्यवस्था र निष्कर्ष सुझावहरू र नेपालको दायित्व बोध गराउने जानकारी पुस्तिका । | |
| १.३ | बलविवाह अन्त्यका लागि पुरुषहरू, किशोर समुह तथा | १.३.१ अन्तर धार्मिक सञ्जाल तथा विभिन्न धर्म सम्प्रदायका धर्मगुरुहरू (महिला पुरुष) ज्योतिष, धामी झाँक्रीहरूसँग बालबिवाह, दाइजो र धर्ममा बिवाह सम्बन्धी मान्यता जस्ता बिषयमा सम्बाद | | • नेपाल वार जिल्ला इकाई<br>• अन्तर धार्मिक सञ्जाल | निरन्तर | • धर्मगुरुहरूको सहभागीभएको प्रशिक्षण कार्यक्रम<br>• तथ्याङ्क र धर्म विशेषको जानकारी सहितको पैरवीपत्र | |

| उद्देश्य : शिवराज नगरपालिका क्षेत्रमा दश वर्ष भित्र बालविवाह अन्त्य गर्ने | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **१.निषेध(Prevention)** | | | | | | | |
| **क.सं.** | **रणनीति** | **कार्यक्रम/क्रियाकलाप** | **प्रमुख जिम्मेवारी** | **सहयोगी** | **समय सीमा** | **प्रगतिको सूचाँक** | |
| | शिक्षकहरू,धर्म गुरुहरू र निजी क्षेत्रसँग सहकार्य गर्ने । | गरी पैरवी गर्ने गराउने, | | • गै.स.स.<br>• विकास साझेदारहरू | | | |
| | | १.३.२ लैङ्गिक विभेद, बालविवाह, दाइजो जस्ता हानिकारक परम्पराहरू हटाउन उदाहरणीय योगदान पुऱ्याउने धर्मगुरुहरू लाई नागरीक सम्मान गर्ने, | | • वडा कार्यालय<br>• अन्तर धार्मिक सञ्जाल<br>• गै.स.स.<br>• विकास साझेदारहरू | | • प्रशंसापत्र, पुरस्कार पाएका संख्या | |
| | | १.३.३ समुदाय स्तरमा बालविवाह हुन नदिनका लागि किशोरहरुलाई परिचालन गर्ने र समुदायका विभिन्न सञ्जालहरूमा सहभागी गराउने | | | | • पहिचान भएका Champion किशोरहरूको संख्या | |
| | | १.३.४बालविवाह अन्त्यको अभियानमा सकरात्मक भूमिका खेलेका किशोरहरुलाई सम्मान गर्ने, | | | | • प्रशंसापत्र, नगद पुरस्कार पाएका Champion किशोरको संख्या | |
| | | १.३.५निजी क्षेत्रका उद्योग, व्यवसाय, कम्पनी तथा कलकारखानाहरूको तर्फबाट व्यावसायिक सामाजिक उत्तरदायित्व(Corporate Social Responsibility)अन्तर्गत सेवा प्रदायक निकाय वा संस्थाहरूसँगको साझेदारितामा बालविवाह निषेध सम्बन्धीआचार संहिता तयार गरि बालविवाह र लैङ्गिक हिंसा नियन्त्रण सम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने | | • निजी क्षेत्रका संघ संस्थाहरू<br>• .गै.स.स.<br>• विकास साझेदारहरू | १ वर्ष | • निजी क्षेत्रको नीति तथा आचारसंहिता, मापदण्डहरू,<br>• प्रशिक्षण कार्यक्रम र सहभागि संख्या ।<br>• अनुगमन प्रतिवेदन । | |
| १.४ | बलविवाह अन्त्यका लागि बालबालिका मैत्री वातावरण र समूह संजालको विकास गर्ने | **१.४.१** १० देखि १९ वर्षका सबै (विद्यालय भित्र र बाहिर रहेका) बालबालिका लाई विद्यमान बालक्लब, किशोरी/युवा/किशोर नयाँ समूह वा सञ्जालमा गठन गर्न र विद्यमान समूह तथा सञ्जालको क्षमता वृद्धि गर्ने | • नगरपालिका<br>• स्थानीय संघ संस्था र सञ्जालहरु<br>• प्रहरी | • | २ वर्ष | • समूह तथा सञ्जालको संख्या र सो मा सहभागी किशोर किशोरीहरुको संख्या | |

**उद्देश्य : शिवराज नगरपालिका क्षेत्रमा दश वर्ष भित्र बालविवाह अन्त्य गर्ने**

## १.निषेध(Prevention)

| क.सं. | रणनीति | कार्यक्रम/क्रियाकलाप | प्रमुख जिम्मेवारी | सहयोगी | समय सीमा | प्रगतिको सूचाँक | |
|---|---|---|---|---|---|---|---|
| | | १.४.२ बालविवाह अन्त्यका लागि देहाएका अनुसार बालमैत्री र लैङ्गिक मैत्री विद्यालय शिक्षा र संरचनाको व्यवस्था गर्ने :<br>(क) खेलकुद र खेलकुद प्रशिक्षक,<br>(ख) बाल मनोविमर्शकर्ता,<br>(ग) छात्राको लागि छुट्टै शौचालय,<br>(घ) छात्राहरूको लागि सेनीटरी प्याड,<br>(ङ) बालबिवाह, लैङ्गिक हिंसा तथा बालअधिकारको बारेमा विभिन्न किसिमका अतिरिक्त कार्यक्रमहरू (वादविवाद, हाजिरी जवाफ, प्रवचन तथा लेख लेखन आदि) आयोजना, | • विद्यालय परिवार | • नगरपालिका<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू<br>• विद्यालय, बाल कल्याण समिति, | ३ वर्ष भित्र सुरु गर्ने र निरनतर गर्ने | • खेलकुद, वादविवाद प्रतियोगिता<br>• विभिन्न अतिरिक्त क्रियाकलापमा छात्र छात्राहरूको सहभागिता संख्या<br>• विद्यालयमा लैङ्गिक तथा बालिका मैत्री पूर्वाधारहरूको विकास निर्माणको संख्या ।<br>• विद्यालयमा महिला शिक्षक तथा छात्राहरूका लागि उपलब्ध सुविधाहरू ।<br>• बालमैत्री र लैङ्गिक मैत्री घोषणा भएका विद्यालयको संख्या ।<br>• विद्यालय परिवारद्वारा संचालित विभिन्न अभियानको संख्या । | |
| | | १.४.३. बालविवाहका कारण र परिणामहरू बारे आधारभूत र माध्यमिक तहको शिक्षाको पाठ्यक्रम परिमार्जन गरी लागू गर्ने, | • नगरपालिका | • विद्यालय परिवार<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू<br>• जिल्ला शिक्षा कार्यालय<br>• पाठ्यपुस्तक विकास समिति | ३वर्ष | • पाठ्यक्रम र पाठ्यपुस्तक सुधार गर्ने निर्णय ।<br>• पाठ्यक्रम र पाठ्यपुस्तक सुधार गर्ने समिति गठन ।<br>• पाठ्यक्रम पाठ्यपुस्तक परिमार्जन | |
| | | १.४.४बालविवाहका कारण महिला तथा किशोरीहरूको यौन तथा प्रजनन् स्वास्थ्यमा पर्ने नकारात्मक | • नगरपालिका | • विद्यालय परिवार<br>• गै.स.स.हरू | | • तलिम प्राप्त शिक्षकहरूको संख्या | |

| उद्देश्य : शिवराज नगरपालिका क्षेत्रमा दश वर्ष भित्र बालविवाह अन्त्य गर्ने | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **१.निषेध(Prevention)** | | | | | | | |
| **क.सं.** | **रणनीति** | **कार्यक्रम/क्रियाकलाप** | **प्रमुख जिम्मेवारी** | **सहयोगी** | **समय सीमा** | **प्रगतिको सूचाँक** | |
| | | असरका साथै बृहत यौनिकता र प्रजनन स्वास्थ्य शिक्षा(Comprehensive Sexuality and Reproductive Health education)बारे शिक्षकहरू लाई प्रशिक्षण दिई विद्यालयमा पठनपाठन गराउने, | | • विकास साझेदारहरू<br>• स्वास्थ्य संस्थाहरु | | | |
| | | १.४.५ विद्यालयमा बन्ने भौतिक संरचना बालिका मैत्री बनाउनका लागि विद्यालय व्यवस्थापन समिति, अभिभावक समिति, शिक्षक तथा कर्मचारीलाई अभिमुखिकरण गर्ने | • नगरपालिका | • विद्यालय परिवार<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | | • तालिम प्राप्त शिक्षकहरूको संख्या | |
| | | १.४.५बालविवाहको उच्च जोखिममा रहेका र अवसर बाट वञ्चित रहेका निम्न आय वर्गका बालिका तथा किशोरीहरूलाई उच्च शिक्षा सम्मको लागि छात्रवृत्ति, शैक्षिक सामाग्री तथा पोशाकको व्यवस्था गर्ने । | • वडा कार्यालयहरू . | • गै.स.स.हरू<br>• विकास साझेदारहरू | | • सहयोग प्राप्त गर्ने छात्राहरूको संख्या | |
| | | १.४.६विद्यालयमाअध्ययनरत छात्रछात्राहरूको बालविवाह हुन नदिन शिक्षक, विद्यार्थी र अभिभावकले पालना गर्नुपर्ने आचार संहिता बनाउने, सो को पालना बारे अनुगमन गर्ने, | • विद्यालय परिवार | • नगरपालिका गै.स.स.हरू<br>• विकास साझेदारहरू | १ वर्ष भित्र | • आचार संहिता निर्माण<br>• अनुगमन टोली गठन<br>• बैठक र निर्णय<br>• अनुगमन संख्या | |
| | | १.४.७ स्थानीय समुदायको संस्कृति सुहाउंदो बालिका विशेष शिक्षा र विद्यालयको व्यवस्था गर्ने, | • नगरपालिका वडा कार्यालयहरू | • गै.स.स.हरू<br>• विकास साझेदारहरू | २ वर्ष | • छात्राका लागि भिन्न विद्यालय सञ्चालन गर्ने निर्णय,<br>• योजना, संभाव्यताअध्ययन तथा स्रोत परिचालन<br>• सञ्चालनमाआएका विद्यालय र छात्रा संख्या | |
| १.५ | विद्यालय बाहिरका बालबालिका तथा किशोर | १.५.१ सबै वडाहरूमा बालविवाह विरुद्ध विद्यालय बाहिरका किशोर किशोरीहरू तथा बालबालिकाहरुको बालविवाह विरुद्धको कार्य | • वडा कार्यालयहरू | • नगरपालिका<br>• गै.स.स.हरू | १ वर्ष | • किशोर किशोरी तथा बालबालिकाहरूको समूह र | |

| उद्देश्य : शिवराज नगरपालिका क्षेत्रमा दश वर्ष भित्र बालविवाह अन्त्य गर्ने | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **१.निषेध(Prevention)** | | | | | | | |
| **क्र.सं.** | **रणनीति** | **कार्यक्रम/क्रियाकलाप** | **प्रमुख जिम्मेवारी** | **सहयोगी** | **समय सीमा** | **प्रगतिको सूचाँक** | |
| | किशोरीहरुलाई बालविवाह विरुद्ध सशक्तिकरण गरी बालविवाह विरुद्ध परिचालन गर्ने । | समूह गठन गर्ने, | | • विकास साझेदारहरू | | संख्या | |
| | | १.५.२ बालविवाह विरुद्ध सामाजिक अभियान सञ्चालन गर्न किशोर किशोरीहरू तथा बालबालिकाहरुको संगठनलाई विवाह सम्बन्धी निर्णय गर्न सक्ने क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने, | | | | • सूचनाकेन्द्र | |
| | | १.५.३ वडाहरूमा गै.स.स. सँगको समन्वय र सहकार्यमा किशोर किशोरी समूहलाई लैङ्गिक समानता, बाल अधिकार, जीवन उपयोगी शिक्षा, दौंतरी शिक्षा र सीपमूलक शिक्षा प्रदान गरी बालविवाह विरुद्ध नेतृत्व र क्षमता विकास गर्ने, | | | निरन्तर | • बालक्लब, युवाक्लबमा आवद्ध भएका बालबालिकाको संख्या<br>• किशोर किशोरीको क्षमता विकास कार्यक्रम संख्या<br>• कार्यक्रमको संख्या | |
| | | १.५.४ विद्यालय बाहिरका किशोरीहरूलाई बालविवाह विरुद्ध उजुरी गर्ने संयन्त्र र कानुनी व्यवस्थाको बारेमा प्रहरी सँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने | नगरपालिका | • वडा कार्यालयहरू<br>• किशोर किशोरी समूह<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | निरन्तर | • कार्यक्रमहरूको सख्या<br>• उजुरीको संख्या | |
| | | १.५.५विद्यालय बाहिरका किशोरीहरूलाई लक्षित गरी लचिलो शिक्षा सँग आवद्ध गरी औपचारिक शिक्षा प्रदान गर्ने, | • नगरपालिका वडा कार्यालयहरू | • किशोर किशोरी समूह<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | निरन्तर | • औपचारिक शिक्षाका लागि विद्यालय खोल्ने निर्णय<br>• सम्भाव्यता अध्ययन<br>• विद्यालय सञ्चालन<br>• कक्षामा आवद्ध किशोरीहरूको संख्या | |
| १.६ | पारिवारिक संरक्षण प्रणालीको विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने । | १.६.१ बलबिवाह लाई निरुत्साहित गर्न विशेष पारिवारिक संरक्षण तथा मानवीय सम्बन्धी नीति बनाई लागू गर्ने, | • वडा कार्यालयहरू | • नगरपालिका<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | निरन्तर | • नीतिको मस्यौदा र पास | |
| | | १.६.२ बालविवाह नगर्ने शर्तमा विपन्न परिवारका बालिकाहरूका लागि १२ कक्षा सम्म निशुल्क | • नगरपालिका<br>• वडा | • वडा कार्यालयहरू<br>• गै.स.स.हरू | निरन्तर | • सभाव्यता अध्ययन<br>• लाभान्वित हुने बालिकाहरूको | |

| उद्देश्य : शिवराज नगरपालिका क्षेत्रमा दश वर्ष भित्र बालविवाह अन्त्य गर्ने | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **१.निषेध(Prevention)** | | | | | | | |
| **क्र.सं.** | **रणनीति** | **कार्यक्रम/क्रियाकलाप** | **प्रमुख जिम्मेवारी** | **सहयोगी** | **समय सीमा** | **प्रगतिको सूचाँक** | |
| | | शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने, | कार्यालय | • विकास साझेदारहरू | | संख्या | |
| | | १.६.३ बालविवाह र छोरा छोरी बीच गरिने भेदभाव पूर्ण व्यवहार विरुद्ध सबै वडामा अभिभावकीय शिक्षा(Parenting Education) सञ्चालन गर्ने | | | १ वर्ष | • अभिभावकीय शिक्षा प्राप्त अभिभावकहरूको संख्या | |
| | | १.६.४ जोखिम परिवारहरूमा महिला स्वास्थ्य स्वयंसेविकाहरू, सामाजिक परिचालकहरू र परामर्शदाताहरू परिचालन गरी सल्लाह र परामर्श दिने, | | | निरन्तर | • भेटघाट गरिएको परिवार संख्या | |
| | | १.६.५ बालबिवाह लाई निरुत्साहित गर्न विशेष पारिवारिक संरक्षण नीति मान्ने प्रतिवद्धता सहित एक परिवार एक हस्ताक्षर संकलन गर्ने | | | २ वर्ष | • हस्ताक्षर संकलन प्रमाण | |
| १.७ | बलबिवाह अन्त्य गर्न नगरपालिका बाट निर्मित सबै प्रकारका कानून, नीतिगत दस्तावेजहरू र योजना कार्यक्रमहरूमा लैङ्गिक समानता, महिला तथा किशोरी सशक्तिकरण र बालअधिकारका सवालहरूलाई मूलप्रवाहीकरण गर्ने । | १.७.१ नगरपालिका द्वारा निर्मित नीति नियम, योजना तथा कार्यक्रमहरूको लैङ्गिकता तथा बालबिवाह अन्त्यको दृष्टिकोणबाट सम्वेदनशील भए नभएको बारे पुनरावलोकन गर्ने, | • नगरपालिका | • गै.स.स.हरू<br>• विकास साझेदारहरू | १ वर्ष | • नीतिगत समायोजन सम्बन्धी मापदण्ड<br>• परिमार्जन भएको नीतिहरूको संख्या<br>• नीति कार्यान्वयन अनुगमन प्रतिवेदन | |
| | | १.७.२ उक्त पुनरावलोकनको आधारमा नीतिमा समावेश हुनु पर्ने लैङ्गिक समानता र महिला सशक्तिकरणलाई अनिवार्य (non–negotiable)शर्तका रुपमा मूलप्रवाहीकरण गर्ने गरी न्यूनतम मापदण्ड तयार गरी लागू गर्ने, | | | | | |
| | | १.७.३ नीतिगत तहमा लैङ्गिक मूलप्रवाहीकरणका सिद्धान्त र व्यवहार बारे मुख्य सरोकारवालाहरूलाई तालिम दिने, | | | | • तलिम र सहभागिहरूको संख्या | |

| उद्देश्य : शिवराज नगरपालिका क्षेत्रमा दश वर्ष भित्र बालविवाह अन्त्य गर्ने | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **१.निषेध(Prevention)** | | | | | | | |
| **क.सं.** | **रणनीति** | **कार्यक्रम/क्रियाकलाप** | **प्रमुख जिम्मेवारी** | **सहयोगी** | **समय सीमा** | **प्रगतिको सूचाँक** | |
| **२. बालविवाह विरुद्ध सिघ्र हस्तक्षेप (Early intervention)** | | | | | | | |
| २.१ | बालविवाह विरुद्ध अग्रीम सूचना सम्प्रेषण र निगरानीको व्यवस्था गर्ने | २.१.१वडाहरूमा प्रहरी, विद्यालय, बालक्लब, किशोरकिशोरी समूह, यौनिक अल्पसंख्यक र धर्मगुरुहरूको सहभागितामा निगरानी समूह गठन गर्ने बालविवाह विरुद्धको अभियान तथा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने । | • नगरपालिका<br>• वडा कार्यालयहरू | • जि.प.शा.का.<br>• जि.प्र.का वा स्थानीय प्रहरी कार्यालय<br>• समुदायमाआधारित संघ संस्थाहरू<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | ६ महिना | • समन्वय बैठक निर्णय<br>• सूचना संकलन अभिलेख | |
| | | २.१.२ बालबिवाह बारे प्रहरीलाई अधिक सूचना दिने व्यक्तिलाई प्रोत्साहन स्वरुप पुरस्कारको व्यवस्था गर्ने । | | | निरन्तर | • बलविवाह हुन लागेको बारे सूचनाको संख्या<br>• पुरस्कार पाउनेको संख्या | |
| | | २.१.३ बालबिवाहको बारेमा सूचना दिने व्यक्तिको संरक्षणको सुनिश्चितता गर्ने । | | | | • उजुरीको संख्या<br>• गोपनीयता र संरक्षण पाउने अधिकार बारे प्रशिक्षण प्रतिबेदन | |
| | | २.१.४ सबै वडाका टोलटोलमा बालबिवाह विरुद्ध नेपाल प्रहरीको नेतृत्वमा, बालक्लब तथा किशोर किशोरी समूह परिचालन गरी निगरानी गर्ने, | | | | • परिवार भेटघाट गरेको संख्या<br>• बैठक निर्णय<br>• उजुरीको संख्या | |
| | | २.१.५ बालविवाह रोक्न सफल भएका वडालाई विभिन्न अवसरमा सम्मान गर्ने, | | | | • सम्मानपत्र र सम्मानित भएका समुदायको संख्या | |
| | | २.१.६बालविवाह अन्त्यका लागि बालविवाह गर्न लागेका परिवारमा भेटघाट, सल्लाह र परामर्शको लागि प्रहरी, स्वास्थ्य , शिक्षा कार्यालयसँग समन्वय गरी वडा सदस्य, महिला स्वास्थ्य स्वंयसेविका र | • नगरपालिका | • वडा कार्यालयहरू<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | १ वर्ष भित्र र पछि निरन्तर गर्ने | • निर्देशिका<br>• कार्य विवरणमा परिमार्जन<br>• अतिरिक्त भत्ता | |

**उद्देश्य : शिवराज नगरपालिका क्षेत्रमा दश वर्ष भित्र बालविवाह अन्त्य गर्ने**

**१.निषेध(Prevention)**

| **क.सं.** | **रणनीति** | **कार्यक्रम/क्रियाकलाप** | **प्रमुख जिम्मेवारी** | **सहयोगी** | **समय सीमा** | **प्रगतिको सूचाँक** | |
|---|---|---|---|---|---|---|---|
| | | किशोर किशोरी सञ्जाल परिचालन गर्ने निर्देशिका तयार पारि कार्यान्वयन गर्ने । | | | | | |
| २.२ | बालविवाह विरुद्ध प्रतिवन्ध, बहिष्कार र अग्रीम चेतावनी(early warning)दिने पद्धतिको विकास गर्ने। | २.३.१ सार्वजनिक पद धारण गर्ने पदाधिकारी, कर्मचारीहरू, राजनैतिक दलका नेताहरू लगायत सामाजिक अभियन्ताहरू बालबिवाहमा सहभागी हुन निषेध गर्ने आचारसंहिता निर्माण गरी प्रभावकारी रुपमा लागु गर्ने,<br>२.३.२ आचारसंहिताबारे सार्वजनिक सञ्चार माध्यमबाट जानकारी दिने | • नगरपालिका | • राजनीतिक दलहरू<br>• जनप्रतिनिधि/ सरोकारवालाहरू<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | ६ महिना | • आचार संहिता<br>• तालिम र सहभागिको संख्या<br>• मिडिया रिपोर्टिङ्ग | |
| २.३ | किशोर किशोरीहरूको समग्र विकासको लागि रुपान्तरण कार्यक्रम संचालन गर्ने | २.३.१.रेडियो कार्यक्रम संचालन<br>२.३ २समुदायमा आधारित रुपान्तरण कक्षा संचालन<br>२.३.३.कक्षा रुपान्तरण कार्यक्रम संचालन<br>२.३.३ बालविवाहन यूनीकरणका लागि निगरानी समूह गठन तथा परिचालन | • नगरपालिका | • सघं सस्था<br>• विकास साझेदार<br>• साझेदार | निरन्तरता | • तालिममा सहभागी संख्या<br>• सहभागीको उपस्थिती विवरण | |
| **३. बालविवाहको घटना व्यवस्थापन मार्फत पिडित प्रभावितको पुनस्थापना ( Responsive)** | | | | | | | |
| ३.१ | बालविवाह विरुद्ध सर्वसाधारणले सरल र प्रभावकारी उजुरी गर्न सक्ने पहुँच | ३.१.१ बालविवाह राज्य विरुद्धको अपराध हो भन्ने कानुनी व्यवस्थाको बारेमा सर्वसाधारणलाई जानकारी दिने उजुरी प्रकृयालाई सहज बनाउन प्रहरी तथा स्थानीय सरकारले हटलाइनको सरल तरिकाको व्यवस्था गर्ने | • नगरपालिका<br>• जि.प्र.का. | • राजनीतिकदलहरू<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | ६ महिना | • समन्वय बैठक निर्णय<br>• उजुरी प्रक्रिया पुनरावलोकनको प्रतिवेदन<br>• प्रहरी कार्यालयमा उजुरी दर्ता | |

**उद्देश्य : शिवराज नगरपालिका क्षेत्रमा दश वर्ष भित्र बालविवाह अन्त्य गर्ने**

## १.निषेध(Prevention)

| क.सं. | रणनीति | कार्यक्रम/क्रियाकलाप | प्रमुख जिम्मेवारी | सहयोगी | समय सीमा | प्रगतिको सूचाँक | |
|---|---|---|---|---|---|---|---|
| | वृद्धि गर्ने । | ३.१.२नगरपालिका, प्रहरी कार्यालय, र संघ सस्थाद्वारा संचालित टेलिफोन हट लाइनहरूमा बालविवाहको सूचना दिने बारे समुदायलाई व्यापक रुपमा जानकारी गराउने, | | | | संख्या<br>• हटलाइन रिपोर्टिङ्ग संख्या | |
| ३.२ | बालविवाह बिरुद्ध स्वत स्फुर्त कारबाही प्रकृया अवलम्वन गर्ने । | ३.२.१ बालविवाह विरुद्ध स्वतःस्फुर्त कारबाहीका लागि प्रहरी परिचालन गर्न जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय सँग समन्वय गर्ने, | • जि.प्रशा.का.<br>• जि.प्र.का. | • राजनीतिक दलहरू<br>• नगरपालिका न्यायिक समिति<br>• वडा कार्यालयहरू | ६ महिना | • समन्वय बैठक निर्णय<br>• घटना रिपोर्टिङ्ग संख्या<br>• ऋदालतमा दर्ता भएको बालविवाहको मुद्दा संख्या | |
| ३.३ | बालविवाहका प्रभावितहरू लाई लक्षित गरी संरक्षण गृह/सुधार गृहको व्यवस्थापन गर्ने । | ३.३.१ परिवारमा बस्न नसक्ने बालविवाहका प्रभावितहरू लक्षित संरक्षण गृह/सुधार गृहसँग समन्वय गर्ने | • नगरपालिका<br>• जि.प्र.का. | • राजनीतिकदलहरू<br>• वडा कार्यालयहरू<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | • | • बदर भएका बालविवाहका प्रभावितहरूलाई संरक्षण र सुधार गृहमा बसेका अभिलेख | |
| | | ३.३.२ बालविवाह हुन सक्ने जोखिम भएका परिवारबाट उद्धार गर्नुपर्ने बालिकालाई संरक्षण दिन आवश्यकता अनुसार बाल संरक्षण गृहमा प्रेषण गर्ने, | | | | • परिवारबाट उद्धार गरिएका र बाल संरक्षण गृहमा प्रेषण गरिएका बालिकाको संख्या | |
| | | ३.३.३ आफू खुशी विवाह गर्ने वदर भागी बालविवाहका बालबालिकाहरूलाई अदालतबाट ठहर भएअनुसार बाल सुधार गृहमा प्रेषण गर्ने वा परिवारमा सामेल गराउने । | | | | • बाल सुधार गृहमा प्रेषण गरीएका बालबालिकाको संख्या | |
| ३.४ | बालविवाहका प्रभावितहरूलाई कानूनी हक अधिकार तथा विभिन्न कार्यक्रम मार्फत सामाजिक तथा आर्थिक | ३.४.१ बालविवाहका प्रभावित बालिकाहरूलाई लक्षित गरी आवश्यकता अनुसार देहायका सेवा सुविधाहरूप्रदान गर्ने बारे मापदण्ड बनाउने :<br>(क) कानूनी सहायत ।तथा सेवा<br>(ख) मनोविमर्श<br>(ग) स्वास्थ्य हेरचाह<br>(घ) औपचारिक/अनौपचारिक शिक्षा | • नगरपालिका<br>• वडा कार्यालयहरू | • गै.स.स.हरू<br>• विकास साझेदारहरू | ६ महिना | • मापदण्ड प्रकाशन<br>• सेवा लिएका संख्या | |

**उद्देश्य : शिवराज नगरपालिका क्षेत्रमा दश वर्ष भित्र बालविवाह अन्त्य गर्ने**

## १.निषेध(Prevention)

| क्र.सं. | रणनीति | कार्यक्रम/क्रियाकलाप | प्रमुख जिम्मेवारी | सहयोगी | समय सीमा | प्रगतिको सूचाँक | |
|---|---|---|---|---|---|---|---|
| | सशक्तिकरण गर्ने। | (ङ) सीप विकास तालिम<br>(च) लघु ऋण<br>(छ) बीउपूँजी<br>(ज) स्वरोजगार/ गैर पारम्परिक व्यवसाय सम्बन्धी उत्प्रेरणा, | | | | | |
| | | ३.४.२ तोकिएका सेवा सुविधा प्रवाहका लागि सरोकारवालाहरू बीच समन्वय गर्ने, | | | निरन्तर | • लक्षित कार्यक्रम सञ्चालन भएको संख्या<br>• लाभान्वीत बालिकाको संख्या | |

## ४. बालविवाह अन्त्यका लागि अनुगमन तथा मुल्याङ्कन

| क्र.सं. | रणनीति | कार्यक्रम/क्रियाकलाप | प्रमुख जिम्मेवारी | सहयोगी | समय सीमा | प्रगतिको सूचाँक | |
|---|---|---|---|---|---|---|---|
| ४.१ | बालविवाह अन्त्यको अभियानलाई प्रभावकारी बनाउन स्थानीय तहमा अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्ने। | ४.१.१ नगरपालिकाको न्यायिक समिति अन्तर्गत जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला सरकारी वकिल कार्यालय, गै.स.स.हरू र निजी क्षेत्रबाट प्रतिनिधित्व हुने गरी बढीमा ९ वा ११ जनाको अनुगमन तथा मूल्याङ्कन कार्यदल गठन गर्ने, | • नगरपालिका<br>• वडा कार्यालयहरू | • जि.प्रशा.का.<br>• जि.प्र.का.<br>• निजीक्षेत्र<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | १ वर्ष भित्र | • अनुगमन तथा मूल्याङ्कन कार्यदल गठन सम्बन्धी निर्णय<br>• अनुगमन तथा मूल्याङ्कन कार्यदलको बैठक संख्या | |
| | | ४.१.२ परिणाममा आधारित अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाउन कार्यदललाई निरन्तर प्राविधिक टेवा पुऱ्याउन सक्ने गरी दक्ष जनशक्ति, आर्थिक श्रोत तथा प्रविधि सहित महिला तथा बालबालिका शाखा र अनुगमन शाखाको क्षमता अभिबृद्धि गर्ने, | | | | • RBMमा आधारित अनुगमन र मूल्याङ्कन सम्बन्धी कार्यविधि र मापदण्ड<br>• RBM / Logical Framework बारेको प्रशिक्षणमा सहभागी पदाधिकारी र कर्मचारीको संख्या<br>• अनुगमन प्रतिवेदन<br>• ध्यानाकर्षण गराइएको पत्र | |
| | | ४.१.३ कार्ययोजनामा तोकिएका कार्यक्रमहरू भए नभएका] Logical Framework{तयार भर्न लगाउने र सो अनुसार सम्पादन भए नभएको अनुगमन गर्ने, | | | | | |

| उद्देश्य : शिवराज नगरपालिका क्षेत्रमा दश वर्ष भित्र बालविवाह अन्त्य गर्ने | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **१.निषेध(Prevention)** | | | | | | | |
| **क.सं.** | **रणनीति** | **कार्यक्रम/क्रियाकलाप** | **प्रमुख जिम्मेवारी** | **सहयोगी** | **समय सीमा** | **प्रगतिको सूचाँक** | |
| ४.२ | बलविवाह अन्त्य बारे जातिगत तथा वडागत खण्डीकृत तथ्याङ्कको संकलन, अनुगमन र मूल्याङ्कन गर्ने संयन्त्रको विकास गर्ने । | ४.२.१ जतिगत तथा वडागत खण्डीकृत तथ्याङ्क प्रणालीको वडामा जनशक्ति तयार गर्ने | | | प्रत्येक वर्ष | • खण्डीकृत तथ्याङ्क सम्बन्धी सफ्टवेयर र प्रतिवेदन ढाँचा<br>• प्रशिक्षण कार्यक्रम र सहभागी संख्या | |
| ४.३ | बलविवाह अन्त्य सम्बन्धी भएका असल तथा सफल अभ्यासबारे कथा वनाई समुदायलाई सुसूचित गर्ने । | ४.३.२ अनुगमन तथा मूल्याङ्कन पश्चात पहिचान भएका असल तथा सफल अभ्यासहरूलाई संचार माध्यम, वेभसाइट, पुस्तिका प्रकाशन आदि मार्फत सार्वजनिक गर्ने, | | | निरन्तर | • मिडिया रिपोर्टिङ्ग<br>• वेभसाइट जानकारी<br>• पुस्तिका प्रकाशन | |

## १४. संस्थागत संरचना :

नगरपालिकाले रणनीति तथा कार्ययोजनाको प्रभावकारी कार्यान्वयन, अनुगमन, समीक्षा तथा आवश्यकता अनुसार परिमार्जनका लागि निम्न अनुसार संरचना निर्माण गर्नेछः

**नगरपालिका स्तर**

- नगर सल्लाहकार समिति
- उपप्रमुखको संयोजकत्वमा निर्देशन समिति
- प्रमुख महिला विकास अधिकृतको संयोजकत्वमा कार्यान्वयन कार्यदल
- सामाजिक विकास महाशाखा अन्तर्गत अनुगमन तथा मूल्याङ्कन कार्यदल

**वडा स्तर**

- वडा अध्यक्षको अध्यक्षतामा वडा स्तरीय बाल विवाह उन्मूलन समिति
- महिला वडा सदस्यको संयोजकत्वमा वडा स्तरीय अनुगमन तथा परामर्श कार्यदल

**समुदाय स्तर**

- महिला निगरानी समूह
- बाल क्लब/सञ्जाल र हिमायती
- युवा क्लब
- किशोरी किशार समूह
- नीजि संस्था
- धर्मगुरु सञ्जाल
- विद्यालय परिवार

## १५. जोखिम तथा न्यूनीकरण:

प्रस्तुत नगरपालिका स्तरीय बालविवाह अन्त्य सम्बन्धी रणनीति तथा कार्ययोजनाको स्वरूप बृहत (comprehensive) भएको र यो साझा सरोकारको (Common Issue) भएकाले यसको सफल कार्यान्वयनमा विभिन्न प्रकारका अवरोधहरू आउन सक्ने देखिन्छ । प्रमुख जोखिमहरू निम्नअनुसार छन् :

- बालअधिकार, बाल संरक्षण, लैङ्गिक समानता सम्बन्धी अवधारणा बारे साझा बुझाईमा एकरूपता नहुने हुनाले रणनीति तथा कार्ययोजना कार्यान्वयनमा जिम्मेवार सरोकारवालाहरूबाट अपेक्षित सहयोग प्राप्त हुन नसक्ने सम्भावना हुन सक्छ ।
- कानूनले निर्धारण गरेको विवाहको उमेर बारे समुदायमा गलत, भ्रमपूर्ण र अपर्याप्त बुझाई कायम रहँदा बालविवाहले सामाजिक मान्यता पाइरहेको अवस्था आफैंमा एक चनौति पूर्ण छ ।
- सार्वजनिक तथा निजी क्षेत्र जताततै पुरूष प्रधान मान्यता हावी रहेको र भौतिक पूर्वाधारलाई प्राथमिकता दिने मानसिकता व्याप्त रहेको सन्दर्भमा बालिका र महिला केन्द्रित भई यो रणनीति तथा कार्ययोजना कार्यान्वयन प्राथमिकतामा नपर्न सक्छ ।
- प्रतिबद्धता र इच्छा शक्ति सहितको दक्ष जनशक्तिको अभावमा यो रणनीति तथा कार्ययोजनाको कार्यान्वयनमा चुनौति हुन सक्छ ।
- यो रणनीति तथा कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक पर्ने जनशक्ति परिचालन, आर्थिक तथा अन्य स्रोत साधनको विनियोजनको कमीका साथै लैङ्गिक संवेदनशीलताको अभावमा यसले प्राथमिकता नपाउन सक्छ ।

**उपर्युक्त जोखिम न्यूनीकरणका लागि शिवराज नगरपालिकाले देहायअनुसार व्यवस्था गर्ने छ :**

- यो रणनीति तथा कार्ययोजनाको सफल कार्यान्वयनका लागि पालिकाले संघ, प्रदेश सरकार र जिल्ला तहका निकाय, यस सँग सम्वन्धित अन्य सरकारी कार्यालय, अन्य निकाय, राजनैतिक दल, विद्यालय, किशोरी समूह, महिला अधिकारको क्षेत्रमा क्रियाशील संघ, सस्था, गैरसरकारी संस्था तथा विकास साझेदारहरू बीच साझा अवधारणा, सहमति, प्रतिवद्धता, सहयोग र समन्वयका लागि नियमित रुपमा छलफल र परामर्श गर्नेछ ।
- यो रणनीति तथा कार्ययोजना बारे यथाशीघ्र सम्बन्धित सबैलाई अभिमुखीकरण गर्नेछ।
- सबै सरोकारवाला निकायहरूमा बालअधिकार, बाल संरक्षण र लैङ्गिक सवालहरू बारे ज्ञान दक्षता सहितको जनशक्ति निर्माणमा विशेष जोड दिनेछ ।

**<u>१६. सहकार्य तथा समन्वय :</u>**

यो रणनीति तथा कार्ययोजना कार्यान्वयनका लागि शिवराज नगरपालिकाले सरोकारवालाहरू सँग देहाय अनुसार सहकार्य र समन्वय गर्नेछः

क) बाल विवाहबाट प्रभावित तथा कानूनी सेवामा पहुँच नभएका समुदायका व्यक्ति तथा समूहहरू विशेषगरी महिला, आर्थिक तथा सामाजिक रुपले पछाडि पारिएका समुदाय, अपाङ्गता भएका व्यक्तिहरू, विस्थापित, जनजाति, दलितका साथै लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सीमान्तकृत समुदायहरू माथि भइरहेका हिंसा तथा बालविवाह नियन्त्रण गर्न जिल्लामा कार्यरत कानून कार्यान्वयन निकाय तथा संयन्त्रहरू, राजनीतिक दल, स्थानीय स्तरमा रहेका प्रहरी, स्वास्थ्य, विद्यालय, धर्मगुरु, नागरिक समाज, नीजि संस्था, लगायत संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार लगायत विभिन्न समुदायसँग समन्वय र सहकार्य गर्ने ।

**<u>१७. बालविवाह अन्त्य पालिका घोषणाका आधारहरू :</u>**

१७.१. बालबिवाह अन्त्यका लागि स्थानीय रणनीति तथा कार्ययोजना कार्यान्वयनका लागि पालिका स्तरीय समिति गठन,

१७.२ बालक्लब, किशोरी क्लब, बालसंजाल तथा स्थानीय सामुदायिक संरचना गठन तथा परिचालन,

१७.३ सरोकारवालाहरूको पहिचान समन्वय तथा सञ्जालिकरण,

१७.४ बालबिवाह अन्त्यका लागि स्थानीय तह बाट कार्ययोजना निर्माण तथा बजेट विनियोजन र कार्यान्वायन,

१७.५ बालबिवाह अन्त्यका न्युनतम सूचक निर्धारण,

१७.६ बालबिवाह अन्त्यका लागि स्थानीय सरोकारवालाहरू सँग परामर्श तथा अन्तक्रिया,

१७.७ बालबिवाह अन्त्यका लागि सरोकारवालाहरूको प्रतिबद्धता,

१७.८ बालबिवाह अन्त्यका लागि सयन्त्र निर्माण तथा परिचालन,

१७.९ बालबिवाह अन्त्यका लागि आवधिक तथा वार्षिक कार्ययोजना तर्जुमा तथा कार्यान्वायन,

१७.१० बालबिवाह अन्त्यका लागि विभिन्न क्लब तथा रुपान्तरण कार्यक्रमका किशोरी क्लव तथा सञ्जालको परिचालन,

१७.११ बालबिवाह अन्त्यको लागि ऐक्यबद्धता व्यवहारिक सचेतना र सहयोगको लागि हस्ताक्षर अभियान,

१७.१२ अनुगमन मुल्याङ्कन समिक्षा तथा बालविवाह सम्बन्धी स्थिति पत्र तर्जुमा तथा सार्वजनिकरण,

१७.१३ बालविवाह मुक्त टोल गाउँ विद्यालय, वडा र पालिका घोषणा र निरन्तरता ।

**<u>१८.बालविवाह अन्त्य घोषणाका सुचकहरू :</u>**

१८.१. यो रणनिति लागु भए पश्चात बालविवाह अन्त्य पालिका घोषणा गर्ने वर्षमा १८ वर्ष भन्दा मुनीका बालविवाहको संख्या शून्य अवस्थामा रहेको हुनु पर्ने ।

१८.२. १८ वर्ष देखि २०वर्ष उमेरका बालबालबालिकाको हकमा बालविवाहको संख्यामा ९० प्रतिशतले कमी आएको र बाँकी बालविवाह शुन्य अवस्थामा हुनु पर्नेछ ।

१८.३. कक्षा ५ भन्दा माथिका सम्पूर्ण विद्यालयहरूमा बालअधिकार तथा संरक्षणका सवालहरूमा सक्रिय रूपमा वकालत गर्दै आएका बालक्लब तथा किशोरी क्लवहरूले वार्षिक योजना बनाई अतिरिक्त क्रियाकलापहरू आयोजना गरेको ।

१८.४. प्रत्येक समुदायहरूमा बालविवाह निगरानी समुहहरूको स्थापना भई सक्रियरूपमा सम्भावित बालविवाह पहिचान, पैरवी रोक्नका लागि परामर्श र बालविवाह भए उजुरी जस्ता कार्यहरु गर्दै आएको ।

१८.५. प्रत्येक वडाका गाउँमा सार्वजनिक ठाउँहरूको बालविवाह विरुद्धका होडिङ्ग वोर्ड राखिएको हुनु पर्ने छ ।

१८.६. जुन सुकै विवाह गर्दा टोल विकास संस्था, बाल संजाल तथा बालक्लव सँग सिफारिस लिई प्रकृया अगाडि बढाएको । पालिकाको स्वास्थ्य संस्थाको तथ्याङ्क अनुसार २० वर्ष उमेर नपुदै आमा बन्नेहरूको संख्या शून्य रहेको हुनु पर्ने ।

१८.७. स्थानीय सरकार पालिका वा वडाले वार्षिक रुपमा बालविवाह अन्त्य शीर्षकमा बजेट विनियोजन गरी नियमित रुपमा कार्यक्रम गर्दै आएको ।

१८.८. कक्षा ५ भन्दा माथिका सम्पूर्ण विद्यालयहरूमा एक एक वटा बहिनी वा किशोरी समूह गठन भई नियमित रुपमाविद्यालय तथा समुदाय स्तरमा वालविवाह अन्त्यका लागि लक्षित गरी विभिन्न अतिरिक्त क्रियाकलाप आयोजना गर्ने गरेको।

१८.९. समुदाय वडा तथा पालिका स्तरमा रहेका बालसंरक्षण सम्वन्धी सम्पूर्ण संरचना बालविवाह अन्त्यमा क्रियाशिल भएको हुनु पर्ने ।

**आज्ञाले,**
**राकेश पाण्डे**
**प्रमुख प्रशासकीय अधिकृत**